# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

## (कर्णाली प्रदेश)

## अर्ध-वार्षिक प्रतिवेदन

## (आर्थिक वर्ष २०८०/८१)




**नेपाल राष्ट्र बैंक**

सुर्खेत कार्यालय

२०८१ जेठ

# भूमिका

**नेपाल राष्ट्र बैंक ऐन, २०५८ को (दोस्रो संशोधन, २०७३ समेत) दफा १२** अनुसार बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय जस्ता विषयहरुसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण सहितको जानकारी नियमित रुपले प्रकाशन र प्रसारण गर्ने गर्दछ । साथै, नेपाल राष्ट्र बैंकले देशको अर्थतन्त्रसँग प्रत्यक्षरुपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा नेपालको समष्टिगत अर्थ-स्वरुपको बारेमा सरोकार राख्ने पक्षहरुलाई नियमितरुपमा जानकारी गराउनको लागि वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कहरुको संकलन एवम् विश्लेषण गर्दै आइरहेको छ । आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित सूचना एवम् तथ्याङ्कको विश्लेषणबाट देशको आर्थिक विकासको अवस्था, यसको आधार एवम् गुणस्तरको जानकारी प्राप्त हुने हुँदा दिगो आर्थिक वृद्धि तथा स्थायित्व प्राप्त गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग पुग्दछ । संघीयता कार्यान्वयन पश्चात् प्रशासनिक विभाजनको परिवर्तित स्वरुपलाई ध्यानमा राखी संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्न नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले जारी गरेको **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६ (संसोधन सहित)** अनुसार नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयद्वारा कर्णाली प्रदेशको आर्थिक वर्ष २०८०/८१ को अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

प्रदेशका १० जिल्लाहरुमध्ये रुकुम पश्चिम, सल्यान, डोल्पा, जुम्ला, मुगु, जाजरकोट, दैलेख तथा सुर्खेतबाट स्थलगत र हुम्लाबाट गैरस्थलगत रुपमा कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको आर्थिक वर्ष २०८०/८१ को अर्ध-वार्षिक जिल्लागत तथ्याङ्क संकलन तथा प्रशोधन गरी विश्लेषण गरिएको छ । आर्थिक गतिविधिको विश्लेषण गर्नका लागि द्वितीय तथ्याङ्कहरु समेत प्रयोग गरी विभिन्न क्षेत्रहरका चरहरुको प्रवृत्ति विश्लेषण गरिएको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया, छलफल एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत चुनौती, सम्भावना तथा परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । बैंक तथा वित्तीय क्षेत्रको तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने आर्थिक अनुसन्धान विभागलाई धन्यवाद ज्ञापन गर्दछु । प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने आर्थिक अनुसन्धान इकाईका सहायक निर्देशक श्री चिनिया लामालाई विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी, प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक अनुसन्धान इकाईका सहायक श्री पंख प्रसाद आचार्य र सहायक श्री सरिता अधिकारीलाई धन्यवाद ज्ञापन गर्दछु । साथै, तथ्याङ्क संकलनका क्रममा सहयोग पुऱ्याउनु हुने अन्य इकाई तथा फाँटका अधिकृत तथा कर्मचारीलाई पनि धन्यवाद दिन चाहन्छु ।

**बाबुराम कोइराला**
**उप-निर्देशक**
**नेपाल राष्ट्र बैंक, सुर्खेत**

# विषय सूची


पेज नं.

परिच्छेद १ अध्ययन परिचय ९

१.१ पृष्ठभूमि ९

१.२ अध्ययनको उद्देश्य ९

१.३ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन १०

१.४ अध्ययन प्रतिवेदनको सीमा ११

१.५ अध्ययन प्रतिवेदनको ढाँचा ११

परिच्छेद २ प्रदेशको तुलनात्मक स्थिति १२

२.१ राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको क्षेत्रगत हिस्सा १२

२.२ अन्तरप्रदेश तुलना १३

२.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती १८

परिच्छेद ३ कृषि क्षेत्र २२

३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र २२

३.२ कृषि उत्पादन २४

३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन २८

३.४ सिँचाई २९

३.५ क्षेत्रगत कृषि कर्जा २९

३.६ कृषि क्षेत्रको चुनौती र सम्भावना ३०

परिच्छेद ४ उद्योग क्षेत्र ३३

४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी ३३

४.२ क्षेत्रगत औद्योगिक कर्जा ३५

४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना ३७

परिच्छेद ५ सेवा क्षेत्र ४०

५.१ पर्यटन ४०

५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट ४१

५.३ वित्तीय सेवा ४१

५.४ यातायात तथा संचार ४८

५.५ शिक्षा तथा स्वास्थ्य ४९
५.६ सेवा क्षेत्र कर्जा ५०
५.७ सहकारी क्षेत्र ५२
५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना ५३
परिच्छेद ६ पूर्वाधार र रोजगारी ५५
६.१ पूर्वाधार क्षेत्र ५५
६.२ प्रदेशका ठूला आयोजनाहरुको स्थिति ५६
६.३ विद्युत् ५८
६.४ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना ६१
६.५ रोजगारी ६२
६.६ रोजगारीको चुनौती र सम्भावना ६४
परिच्छेद ७ प्रादेशिक कार्यक्रम तथा योजना ६६
७.१ प्रादेशिक सरकारी वित्त ६६
७.२ स्थानिय सरकारको वित्तीय स्थिति विश्लेषण ६७
परिच्छेद ८ आर्थिक परिदृष्य ६८
८.१ कृषि उत्पादन ६८
८.२ औद्योगिक उत्पादन ६९
८.३ सेवा क्षेत्र ६९
८.४ पूर्वाधार क्षेत्र ६९

# तालिका सूची

पेज नं


| | |
|---|---|
| तालिका २.१: जनसंख्या वृद्धिदर र आवधिक परिवर्तन | १७ |
| तालिका २.२: लैङ्गिक अनुपात र जनघनत्व | १८ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र | २२ |
| तालिका ३.२: प्रमुख कृषि बालीको उत्पादन | २५ |
| तालिका ३.३: कर्णाली प्रदेशमा सिँचाईको अवस्था | २९ |
| तालिका ३.४: जिल्लागत कृषि कर्जा | ३० |
| तालिका ४.१: कर्णाली प्रदेशमा उद्योगको दर्ताको स्थिति | ३३ |
| तालिका ४.२: जिल्लागत औद्योगिक कर्जा | ३६ |
| तालिका ५.१: नमूना होटलहरुबाट संकलन गरिएका तथ्याङ्क स्थिति | ४१ |
| तालिका ५.२: घरजग्गा कारोवार संख्या तथा राजस्वको स्थिति | ४१ |
| तालिका ५.३: बैंक तथा वित्तीय संस्थाको जिल्लागत शाखा संख्या | ४२ |
| तालिका ५.४: बैंक तथा वित्तीय संस्थाको शाखा रहित बैंकिङ्ग, ए.टि.एम., मोबाईल तथा इन्टरनेट बैंकिङ्ग संख्या | ४३ |
| तालिका ५. ५: डिजिटल भुक्तानी ग्राहकको संख्या | ४३ |
| तालिका ५. ६: कर्णाली प्रदेशमा फण्ड ट्रान्सफरको अवस्था | ४८ |
| तालिका ५. ७: यातायातका साधनको संख्या | ४८ |
| तालिका ५. ८: सरकारी/सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षक संख्याको अवस्था | ४९ |
| तालिका ५. ९: निजी विद्यालयमा विद्यार्थी र शिक्षक संख्याको अवस्था | ४९ |
| तालिका ५. १०: सरकारी/सामुदायिक अस्पतालको जिल्लागत स्थिति | ५० |
| तालिका ५. ११: जिल्लागत सेवा क्षेत्र कर्जा | ५२ |
| तालिका ६.१: कर्णाली प्रदेश सरकारबाट निर्माण भएको सडक सम्बन्धी विवरण | ५५ |
| तालिका ६.२: कर्णाली प्रदेश सरकारबाट निर्माण भएको पुल सम्बन्धी विवरण | ५५ |
| तालिका ६.३: कुल विद्युत उत्पादन | ५८ |
| तालिका ६.४: जिल्लागत वैदेशिक रोजगारीको विवरण | ६३ |
| तालिका ६.५: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण | ६४ |
| तालिका ७.१: समीक्षा अवधि सम्मको खर्चको स्थिति | ६६ |
| तालिका ७.२: समीक्षा अवधि सम्मको राजस्व परिचालनको स्थिति | ६६ |
| तालिका ७.३: समीक्षा अवधिमा खर्च, राजस्व तथा राजस्व बाँडफाँड प्राप्तिको प्रतिशत परिवर्तनको स्थिति | ६७ |

# रेखाचित्र सूची

पेज नं.


रेखाचित्र २.१: प्रदेशगत कुल गार्हस्थ्य उत्पादन १३
रेखाचित्र २.२: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान १४
रेखाचित्र २.३: प्रदेशगत आर्थिक वृद्धिदर १४
रेखाचित्र २.४: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत योगदान १५
रेखाचित्र २.५: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना १५
रेखाचित्र २.६: प्रदेशगत प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन १६
रेखाचित्र २.७: प्रदेशगत जनसंख्या वितरण १७
रेखाचित्र ३.१: प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र २३
रेखाचित्र ३.२: खाद्य तथा अन्य बालीको उत्पादन २६
रेखाचित्र ३.३: फलफुल उत्पादन २७
रेखाचित्र ३.४: कृषि बालीको उत्पादन २८
रेखाचित्र ४.१: उद्योगको क्षमता उपयोगको अवस्था ३४
रेखाचित्र ४.२: औद्योगिक उत्पादन ३५
रेखाचित्र ४.३: क्षेत्रगत औद्योगिक कर्जा ३७
रेखाचित्र ५.१: कर्णाली प्रदेशको निक्षेप तथा कर्जाको स्थिति ४४
रेखाचित्र ५.२: कर्णाली प्रदेशको कर्जा निक्षेप अनुपात ४५
रेखाचित्र ५.३: निक्षेप तथा कर्जाको जिल्लागत स्थिति ४६
रेखाचित्र ५.४: कुल निक्षेपको संरचना ४६
रेखाचित्र ५.५: सहुलियतपूर्ण कर्जा, विपन्नवर्ग कर्जा, र पुनरकर्जाको विवरण ४७
रेखाचित्र ५.६: कर्णाली प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा ५१
रेखाचित्र ५.७: क्षेत्रगत सेवा कर्जा ५१
रेखाचित्र ५.८: बचत तथा ऋण सहकारी संस्थाको अवस्था ५३

# बक्स सूची

पेज नं.

बक्स ६.१: कर्णाली प्रदेशका महत्वपूर्ण जलविद्युत आयोजनाहरु ५९

# कार्यकारी सारांश

कर्णाली प्रदेशका १० जिल्लाहरुमध्ये ९ जिल्लाहरु रुकुम पश्चिम, सल्यान, डोल्पा, जुम्ला, मुगु, कालिकोट, जाजरकोट, दैलेख, सुर्खेतको स्थलगत र हुम्ला जिल्लाको गैरस्थलगत अध्ययनबाट तयार पारिएको यस प्रदेशको आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनको सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

## समष्टिगत आर्थिक स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा ३.८७ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ भने आधारभूत मूल्यमा ३.५४ प्रतिशतले वृद्धि हुने अनुमान छ । त्यसैगरी, गत आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा र आधारभूत मूल्यमा क्रमशः १.९५ प्रतिशत र २.३१ प्रतिशतले वृद्धि हुने संशोधित अनुमान रहेको छ ।

२. आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेशको आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) ३.३९ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष यस्तो वृद्धिदर १.९६ प्रतिशत रहने संशोधित अनुमान रहेको छ । राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान ४.२८ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन प्रचलित मूल्यमा रु.२ खर्ब ४४ अर्ब पुग्ने अनुमान छ ।

## कृषि क्षेत्र

३. गत अवधिको तुलनामा समीक्षा अवधिमा कर्णाली प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल ०.१८ प्रतिशतले घटेको छ ।

४. प्रमुख बालीहरु मध्ये समीक्षा अवधिमा धान र मकै बालीले ढाकेको क्षेत्रफलमा क्रमशः ८.४८ प्रतिशत र २.१२ प्रतिशतले वृद्धि भएको छ भने गहुँ, कोदो, जौ र फापर बालीले ढाकेको क्षेत्रफलमा क्रमशः १.०२ प्रतिशत, २८.१६ प्रतिशत र ३३.३० र २३.०१ प्रतिशतले कमी आएको छ । त्यस्तै, दलहन बालीले ढाकेको क्षेत्रफलमा १.२७ प्रतिशतले कमी आएको छ भने तेलहन बालीले ढाकेको क्षेत्रफल ७८.१८ प्रतिशतले र भटमास बालीले ढाकेको क्षेत्रफल ९.४९ प्रतिशतले वृद्धि भएको छ ।

५. समीक्षा अवधिमा कर्णाली प्रदेशमा तरकारी बालीले ढाकेको क्षेत्रफलमा १२.६९ प्रतिशतले कमी आएको छ भने बागवानी बालीले ढाकेको क्षेत्रफलमा ३.९९ प्रतिशतले वृद्धि भएको छ ।

६. समीक्षा अवधिमा कर्णाली प्रदेशमा समग्र कृषि बालीको उत्पादनमा ३.५६ प्रतिशतले कमी आई ११,५१,१४५.६१ मेट्रिक टन कायम भएको छ ।

७. खाद्य तथा अन्य बालीभित्र पर्ने प्रमुख कृषि बालीमा धान र गहुँको उत्पादन क्रमशः १२.०४ प्रतिशत र ०.४३ प्रतिशतले वृद्धि भएको छ भने मकै, कोदो, जौ तथा फापरको उत्पादनमा क्रमशः ७.६१ प्रतिशत, १९.८७ प्रतिशत, १८.९८ प्रतिशत र ८.४६ प्रतिशतले कमी आएको छ ।

८. समीक्षा अवधिमा यस प्रदेशमा दुध उत्पादन ७.२३ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै मासु र माछा उत्पादन क्रमशः १०.१२ प्रतिशत र १४.६२ प्रतिशतले वृद्धि भएको छ भने अण्डा उत्पादनमा १५.० प्रतिशतले कमी आएको छ ।

९. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट कर्णाली प्रदेशको समग्र कृषि क्षेत्रमा प्रवाहित कर्जाले कुल कर्जाको ९.५६ प्रतिशत हिस्सा ओगटेको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट कर्णाली प्रदेशको समग्र कृषि क्षेत्रमा प्रवाहित कर्जा गत अवधिको तुलनामा १७.५७ प्रतिशतले घटेको छ ।

### उद्योग क्षेत्र

१०. समीक्षा अवधिमा कर्णाली प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५४.२३ प्रतिशत रहेको छ । कागज तथा कागजका उत्पादन सम्बन्धी उद्योगको उपयोग क्षमता सबैभन्दा बढी ९६.१५ प्रतिशत रहेको छ भने दुग्ध पदार्थ उत्पादन गर्ने उद्योगको उपयोग क्षमता सबैभन्दा कम २५.७१ प्रतिशत रहेको छ ।

११. समीक्षा अवधिमा औद्योगिक कर्जा गत अवधिको तुलनामा ३७.५५ प्रतिशतले घटेको छ । कर्णाली प्रदेशमा प्रवाह भएको समग्र कर्जाको ६.९८ प्रतिशत हिस्सा उद्योग क्षेत्रले ओगटेको छ ।

### सेवा क्षेत्र

१२. समीक्षा अवधिमा यस प्रदेशमा भित्रिने पर्यटकको संख्यामा १८.६७ प्रतिशतले वृद्धि भएको छ । भारत, चीन र तेस्रो मुलुकबाट भित्रिने पर्यटकको संख्या क्रमशः २७.१८ प्रतिशत, ६.१४ प्रतिशत र १.०५ प्रतिशतले वृद्धि भएको छ ।

१३. समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८३.४६ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ । समीक्षा अवधिमा कर्णाली प्रदेशमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या ४६६ पुगेको छ भने शाखारहित बैङ्किङ संख्या ३० पुगेको छ । समीक्षा अवधिमा यस प्रदेशमा कर्जा तथा निक्षेप अनुपात ७१.६९ प्रतिशत रहेको छ ।

### पूर्वाधार क्षेत्र

१४. समीक्षा अवधिमा ३३ के.भि.को विद्युत् प्रसारण लाईन ४९६ कि.मि पुगेको छ भने ११ के.भि.को विद्युत् प्रसारण लाईन ३,१२१ कि.मि पुगेको छ । गत अवधिमा ११ के.भि.को विद्युत् प्रसारण लाईन ३,१०८ कि.मि. पुगेको थियो ।

१५. समीक्षा अवधिसम्ममा यस प्रदेशमा १८.५४ मेगावाट विद्युत् उत्पादन भएको छ भने १७ वटा आयोजनाहरु निर्माणाधीन र ९ वटा आयोजनाहरु निर्माण अनुमतिका लागि निवेदन दिएको देखिन्छ ।

१६. यस प्रदेशको सुर्खेत, जुम्ला, हुम्ला, मुगु, डोल्पा, रुकुम पश्चिम र कालिकोट गरी ७ जिल्लामा ८ वटा विमानस्थल सञ्चालनमा छन् ।

# परिच्छेद १
# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय लगायतका विषयसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गर्ने गर्दछ । यस बैंकले देशको अर्थतन्त्रसँग प्रत्यक्षरुपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा नेपालको समष्टिगत अर्थ-स्वरुप जान्न चाहने सरोकारवाला पक्षलाई नियमितरुपमा जानकारी गराउने उद्देश्य अनुरुप सम्बन्धित क्षेत्रको तथ्याङ्कको नियमित संकलन तथा ती तथ्याङ्कको विश्लेषण सहितको प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ । प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०८०/८१ को अर्ध-वार्षिक तथ्याङ्कमा आधारित रहेको छ ।

यस बैंकको आर्थिक अनुसन्धान विभाग र उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने आर्थिक गतिविधि अध्ययन, विशेष अध्ययन एवं अन्य अनुसन्धानमुलक कार्यमा एकरुपता ल्याई गुणस्तरसमेत अभिवृद्धि गर्ने उद्देश्यले "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६" मा भएको व्यवस्था अनुसार प्रादेशिक ढाँचामा ७ वटै प्रदेशका सबै ७७ जिल्लाको आर्थिक गतिविधिको अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरीएको छ ।

संघीयता कार्यान्वयन भएपश्चात् प्रशासनिक विभाजनको स्वरुपसमेत परिवर्तन भएको र संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्न नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले जारी गरेको **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६ (प्रथम संशोधन, २०७९ सहित)** अनुसार नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयद्वारा कर्णाली प्रदेशका सम्पूर्ण जिल्लाहरु (रुकुम पश्चिम, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख, र सुर्खेत) लाई समावेश गरी आर्थिक वर्ष २०८०/८१ को अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

समीक्षा अवधिमा प्रदेशमा भएका आर्थिक गतिविधिहरुको अध्ययन तथा विश्लेषण गरी नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्ने यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । साथै, यस अध्ययनका अन्य उद्देश्यहरु देहायबमोजिम उल्लेख गर्न सकिन्छ ।

- प्रदेश अर्थतन्त्रका प्रमुख क्षेत्रहरु कृषि, उद्योग, सेवा तथा पूर्वाधारमा समीक्षा अवधिमा भएको परिवर्तनलाई समावेश गर्नु ।

- प्रदेश अर्थतन्त्रका प्रमुख क्षेत्रहरुमा देखिएका सम्भावना तथा चुनौतीहरुलाई उजागर गर्नु ।
- संघ, प्रदेश तथा स्थानीय तहले सञ्चालन गरेका मुख्य कार्यक्रम तथा परियोजनाहरुको प्रगतिको समीक्षा समावेश गर्नु ।
- आर्थिक गतिविधिका क्षेत्रहरुलाई योगदान पुऱ्याउने कुनै फर्म, कम्पनीको अवस्था तथा योगदानलाई समेट्नु ।
- समीक्षा अवधिमा भएका आर्थिक गतिविधिहरुको आधारमा आगामी अवधिका लागि प्रक्षेपण गर्नु ।

## १.३ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

कर्णाली प्रदेशका १० वटै जिल्लाहरुबाट कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण गरी तयार पारिएको यो प्रतिवेदनमा उक्त क्षेत्रहरुको प्रगति विवरण, सम्भावना तथा चुनौती एवम् भावी योजनाबद्ध कार्यका लागि मार्गदर्शन समेत समाविष्ट गरिएको छ ।

यस प्रदेशका जिल्लाहरुमा रहेका विभिन्न सरकारी कार्यालय, निर्देशनालय एवम् सम्बन्धित परियोजना तथा उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा तयार पारिएको यो प्रतिवेदनले जिल्लागत तथा प्रदेशको समग्र अवस्थालाई प्रस्तुत गरेको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषयविज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा परिदृश्य चित्रण गरिएको छ ।

प्रतिवेदनमा राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत हिस्सा तथा प्रदेशगत तुलनात्मक स्थितिको विश्लेषणका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्कलाई आधार मानिएको छ । त्यस्तै, समग्र कृषि क्षेत्रको विश्लेषणका लागि कर्णाली प्रदेशका दश वटै जिल्ला स्थित कृषि विकास कार्यालयहरु, कर्णाली प्रदेश अन्तर्गतको कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय लगायतका निकायहरुबाट प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ ।

कर्णाली प्रदेशमा सञ्चालनमा रहेका उद्योगहरुको तथ्याङ्क उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयबाट लिइएको छ भने औद्योगिक क्षेत्रको क्षमता, उद्योगहरुको उत्पादनको अवस्था र यस क्षेत्रले सिर्जना गरेको रोजगारी लगायतका विषयको विश्लेषणका लागि नमुना छनौटमा परेका उद्योगहरुबाट तथ्याङ्क संकलन गरिएको छ । त्यस्तै, बैङ्किङक्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, वाणिज्य बैंकहरुबाट प्रवाहित कर्जा, संकलित निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागबाट लिईएको छ। रियलस्टेट तर्फ, घरजग्गा रजिष्ट्रेशन संख्या र राजस्व रकम भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट लिईएको छ। घरजग्गा नक्सापास सम्बन्धी तथ्याङ्क जिल्लास्थित नगरपालिकाहरुबाट संकलन गरिएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विश्लेषणका लागि यस प्रदेशमा रहेका १० प्रमुख पर्यटकस्तरीय होटलहरुबाट तथ्याङ्क संकलन गरिएको छ। त्यस्तै, सहकारी क्षेत्रको विश्लेषणका लागि कर्णाली प्रदेशमा रहेका १० सहकारी संस्थाबाट प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ।

पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय, विद्युत् प्राधिकरण, सडक डिभिजन कार्यालय तथा सम्बन्धित आयोजनाबाट लिइएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको सीमा

- देशले संघीय शासन व्यवस्था अंगिकार गरे पश्चात् तथ्याङ्क प्रदायक निकायहरुको नीतिगत तथा कार्यगत भूमिका परिवर्तन भएको छ। संघीयतासँगै, सम्बन्धित निकायहरुको पुनरसंरचना भएकोले तथ्याङ्कहरुलाई संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्ण भई नसकेको हुँदा विशेष गरी कृषि, शिक्षा, स्वास्थ्य र सडक जस्ता पूर्वाधारको विवरणमा समयगत तथा निकायगत एकरुपता कायम हुन सकेको छैन । कतिपय तथ्याङ्क प्रदायक निकायहरुले नियमित रुपमा तथ्याङ्क संकलन नगर्ने तथा तथ्याङ्कको माग भईआएको अवस्थामा मात्र संकलन गरी प्रदान गर्ने गरेको कारण अघिल्लो अवधिका केही तथ्याङ्कमा एकरुपता हुन सकेको छैन ।
- सेवा क्षेत्र अन्तर्गत पर्यटन सम्बन्धी तथ्याङ्कमा कतिपय जिल्लाहरुमा होटल व्यवसायी संघ गठन नभएको र गठन भएको जिल्लाहरुको हकमा पनि होटलमा आएका पर्यटकहरुको अभिलेख राख्ने अभ्यास नभएको हुँदा कर्णाली प्रदेशस्थित १० नमुना होटलहरुबाट मात्र तथ्याङ्क संकलन गरि विश्लेषण गरिएको छ ।
- कृषि क्षेत्रको तथ्याङ्क संकलन तथा विश्लेषण गर्दा वार्षिक ढाँचामा तथ्याङ्क संकलन गरिएको र केहि कृषिजन्य उत्पादनहरु मौसमी खालको हुने भएकोले तथ्याङ्क संकलनको समयमा सो तथ्याङ्क उपलब्ध हुन नसक्ने समेत देखिन्छ ।

## १.५ अध्ययन प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा ८ वटा परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र, परिच्छेद ६ मा पूर्वाधार र रोजगारी र परिच्छेद ७ मा प्रादेशिक कार्यक्रम तथा योजनाको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ । यसैगरी, परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

*यस प्रतिवेदनमा 'समीक्षा अवधि' भन्नाले २०८० साउन १ देखि २०८० पुस मसान्तसम्मको अवधिलाई तथा 'गत अवधि' भन्नाले आर्थिक वर्ष २०७९ को साउन १ देखि २०७९ पुस मसान्तसम्मको अवधिलाई बुझाँउदछ ।*

# परिच्छेद २

# प्रदेशको तुलनात्मक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.५७ खर्ब ४ अर्ब ८४ करोड ४० लाख पुग्ने प्रारम्भिक अनुमान गरेको छ । गत आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.५३ खर्ब ४८ अर्ब ५२ करोड ८० लाख पुग्ने संशोधित अनुमान गरेको छ भने आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.४९ खर्ब ७६ अर्ब ५५ करोड ८० लाख पुग्ने अन्तिम विवरण सार्वजनिक गरेको छ ।

कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.०९ प्रतिशत, १३.० प्रतिशत र ६२.९० प्रतिशत रहने प्रारम्भिक अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि र सेवा क्षेत्रको योगदान गत आर्थिक वर्षको तुलनामा सिमान्त रुपमा बढेको देखिन्छ भने उद्योग क्षेत्रको योगदान सिमान्त रुपमा घटेको देखिन्छ ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.२ खर्ब ४३ अर्ब ९९ करोड पुग्ने प्रारम्भिक अनुमान छ भने गत आर्थिक वर्ष २०७९/८० को संशोधित अनुमान रु.२ खर्ब २९ अर्ब १४ करोड रहने अनुमान गरिएको छ। यसैगरी, आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशको आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) ३.३९ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष २०७९/८० मा यस्तो वृद्धिदर १.९६ प्रतिशत रहने संशोधित अनुमान रहेको छ । कर्णाली प्रदेशमा क्षेत्रगत रुपमा हेर्दा आ.व. २०८०/८१ का लागि कुल मूल्य अभिवृद्धिदर सबैभन्दा बढी आवास तथा भोजन सेवा क्षेत्रको २२.५२ प्रतिशत र सबैभन्दा कम निर्माण क्षेत्रको १.०२ प्रतिशतले ऋणात्मक हुने प्रारम्भिक अनुमान गरेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २९.५१ प्रतिशत, ९.७० प्रतिशत र ६०.७९ प्रतिशत रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान २९.५१ प्रतिशत कृषि, वन तथा मत्स्य क्षेत्रको रहने प्रारम्भिक अनुमान छ भने सबैभन्दा कम योगदान ०.१७ प्रतिशत प्रशासनिक तथा सहयोग सेवा क्षेत्रको रहने प्रारम्भिक अनुमान रहेको छ । थोक तथा खुद्रा व्यापर, गाडी तथा मोटर साइकल मर्मत सेवाको हिस्सा ५.४९ प्रतिशत, वित्तीय तथा बीमा क्रियाकलापको हिस्सा १.७९ प्रतिशत, सूचना तथा सञ्चारको हिस्सा १.२९ प्रतिशत, यातायात तथा भण्डारणको हिस्सा २.६९ प्रतिशत, आवास तथा भोजन सेवाको हिस्सा ३.१८ प्रतिशत तथा उत्पादनमुलक उद्योगको हिस्सा ०.९९ प्रतिशत रहेको छ ।


आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको योगदान ४.२८ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष २०७९/८० मा पनि यस्तो योगदान ४.२८ प्रतिशत नै रहने संशोधित अनुमान रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा देशको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा कर्णाली प्रदेशको हिस्सा क्रमशः ५.२४ प्रतिशत, ३.१९ प्रतिशत र ४.१३ प्रतिशत रहने अनुमान छ ।

## २.२ अन्तरप्रदेश तुलना

### प्रदेशगत अर्थतन्त्रको आकार

आथिक वर्ष २०८०/०८१ मा मुलुकको अर्थतन्त्रको आकर रु.५७ खर्ब ५ अर्ब रहने अनुमान रहेकोमा प्रदेशगत रुपमा तुलना गर्दा सबैभन्दा बढी बागमती प्रदेशको अर्थतन्त्रको आकार रु.२० खर्ब र सबैभन्दा कम कर्णाली प्रदेशको अर्थतन्त्रको आकार रु.२ खर्ब हुने प्रारम्भिक अनुमान छ। त्यसैगरी, बागमती प्रदेश पछी बढी अर्थतन्त्रको आकार भएका प्रदेशहरु क्रमशः कोशी रु.९ खर्ब ३ अर्ब, लुम्बिनी रु.८ खर्ब १४ अर्ब, मधेश रु.७ खर्ब ४८ अर्ब, गण्डकी रु.५ खर्ब १७ अर्ब र सुदूरपश्चिम रु.४ खर्ब ४ अर्ब रहेको अनुमान छ (रेखाचित्र २.१)।

**रेखाचित्र २.१: प्रदेशगत कुल गार्हस्थ्य उत्पादन**
**(रकम रु.)**





*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

### कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान

राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८०/८१ मा मुलुकको कुल गार्हस्थ्य उत्पादन रु.५७ खर्ब ४ अर्ब ८४ करोडमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.३६ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.२८ प्रतिशत रहेको छ। बागमती प्रदेश पछि कुल गार्हस्थ्य उत्पादनमा बढी योगदान पुऱ्याउने प्रदेशहरुमा क्रमशः कोशी १५.८ प्रतिशत, लुम्बिनी १४.२७ प्रतिशत, मधेश १३.१२ प्रतिशत, गण्डकी ९.०६ प्रतिशत र सुदूरपश्चिम ७.०९ प्रतिशत रहेको छ (रेखाचित्र २.२)।

### रेखाचित्र २.२: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान
(प्रतिशत)





*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

### प्रदेशगत आर्थिक वृद्धिदर

आर्थिक वर्ष २०८०/८१ मा सबै प्रदेशको आर्थिक वृद्धिदर तुलनात्मक रुपमा बढ्ने अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा समष्टिगत आर्थिक वृद्धि (उत्पादकको मूल्यमा) ३.८७ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०८०/८१ मा प्रदेशगत रुपमा आर्थिक वृद्धिदर तुलना गर्दा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ४.५५ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ३.३९ प्रतिशत रहने अनुमान छ। गण्डकी प्रदेश पछि बढी आर्थिक वृद्धिदर प्राप्त गर्ने प्रदेशहरुमा क्रमशः लुम्बिनी, बागमती, मधेश, कोशी र सुदूरपश्चिम पर्दछन् (रेखाचित्र २.३) ।

### रेखाचित्र २.३: प्रदेशगत आर्थिक वृद्धिदर
(प्रतिशत)





*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

### कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत योगदान

आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनको कृषि क्षेत्रको योगदानमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै २१.५६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.२४ प्रतिशत रहेको छ। उद्योग क्षेत्रको योगदानमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३१.४१ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.१९ प्रतिशत रहेको छ। यसैगरी, सेवा क्षेत्रको योगदानमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४४.७५ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.१३ रहेको छ (रेखाचित्र २.४)।

**रेखाचित्र २.४: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत योगदान**
**(प्रतिशत)**





*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

### प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान

प्रदेशगत रुपमा तुलना गर्दा आर्थिक वर्ष २०८०/८१ मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी मधेश प्रदेशमा ३५.१९ प्रतिशत रहेको छ भने सबैभन्दा कम बागमती प्रदेशमा ११.३५ प्रतिशत रहेको छ।

**रेखाचित्र २.५: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना**
**(प्रतिशत)**





*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

उद्योग क्षेत्रको योगदान सबैभन्दा बढी गण्डकी प्रदेशमा १७.४४ प्रतिशत र सबैभन्दा कम ९.७० प्रतिशत कर्णाली प्रदेशमा रहेको छ। त्यसैगरी, प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान सबैभन्दा बढी बागमती प्रदेशमा ७७.४२ प्रतिशत र सबैभन्दा कम कोशी प्रदेशमा ५०.८८ प्रतिशत रहेको छ (रेखाचित्र २.५)।

### प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन

आर्थिक वर्ष २०८०/०८१ मा प्रदेशगत प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन बागमती प्रदेशमा सबैभन्दा बढी अमेरिकी डलर २,४८४ रहेको छ भने सबैभन्दा कम प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादनमा मधेश प्रदेश अमेरिकी डलर ८९२ रहेको छ। आर्थिक वर्ष २०८०/०८१ मा कर्णाली प्रदेशको प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन अमेरिकी डलर १,०६६ रहेको छ भने समग्रमा नेपालको प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन अमेरिकी डलर १,४३४ रहेको छ (रेखाचित्र २.६)।

**रेखाचित्र २.६: प्रदेशगत प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन**
**(अमेरिकी डलर)**





*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

### कुल जनसंख्यामा प्रदेशगत हिस्सा

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्या २,९१,६४,५७८ रहेको छ। जसमध्ये पुरुषको संख्या १,४२,५३,५५१ (४८.८७ प्रतिशत) र महिलाको संख्या १,४९,११,०२७ (५१.१३ प्रतिशत) रहेको छ। जनगणनाको नतिजा अनुसार प्रदेशगत रुपमा जनसंख्याको हिस्सा हेर्दा सबैभन्दा धेरै जनसंख्या बागमती प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको छ जुन क्रमशः २०.९७ र ५.७९ प्रतिशत छ। यसैगरी, जनसंख्याको आकारको हिसाबले दोस्रो, तेस्रो, चौथो, पाँचौ र छैठौं क्रमशः मधेश, लुम्बिनी, कोशी, सुदूरपश्चिम र गण्डकी प्रदेश रहेका छन् (रेखाचित्र २.७)।

### रेखाचित्र २.७: प्रदेशगत जनसंख्या वितरण
(प्रतिशत)




*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

### प्रदेश अनुसार जनसंख्या वृद्धिदर र परिवर्तन

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार दश वर्षको अवधिमा नेपालको जनसंख्या १०.०८ प्रतिशतले वृद्धि भएको छ भने वार्षिक औसत वृद्धिदर ०.९२ प्रतिशत रहेको छ। गत दश वर्षको अवधिमा सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा १३.८४ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशमा २.६१ प्रतिशतले जनसंख्या वृद्धि भएको छ।

### तालिका २.१: जनसंख्या वृद्धिदर र आवधिक परिवर्तन
(प्रतिशत)

| प्रदेश | वार्षिक जनसंख्या वृद्धिदर (%) | आवधिक परिवर्तन (%) |
|---|---|---|
| कोशी | ०.८६ | ९.४० |
| मधेश | १.१९ | १३.१५ |
| बागमती | ०.९७ | १०.६२ |
| गण्डकी | ०.२५ | २.६१ |
| लुम्बिनी | १.२४ | १३.८४ |
| कर्णाली | ०.७० | ७.५१ |
| सुदूरपश्चिम | ०.५२ | ५.५७ |
| **नेपाल** | **०.९२** | **१०.०८** |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

प्रदेशगत रुपमा एक दशकको वार्षिक जनसंख्या वृद्धिदर हेर्दा सबैभन्दा बढी लुम्बिनी प्रदेशमा १.२४ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशमा ०.२५ प्रतिशतले वार्षिक जनसंख्या वृद्धि भएको छ । दोस्रो धेरै वार्षिक जनसंख्या वृद्धिदर हुने प्रदेशमा मधेश प्रदेश रहेको छ जसको वृद्धिदर १.९१ प्रतिशत छ । कर्णाली प्रदेशको वार्षिक जनसंख्या वृद्धिदर ०.७० प्रतिशत छ (तालिका २.१) ।

### प्रदेश अनुसार लैङ्गिक अनुपात र जनघनत्व

राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशगत लैङ्गिक अनुपात हेर्दा सबैभन्दा धेरै मधेश प्रदेशमा र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा क्रमशः १००.५५ र ८९.५१ रहेको छ भने कर्णाली प्रदेशमा यो अनुपात ९५.२७ प्रतिशत रहेको छ । यसैगरी, प्रदेशगत रुपमा जनघनत्व विश्लेषण गर्दा मधेश प्रदेशमा सबैभन्दा बढी ६३३ जना प्रति वर्ग कि.मि. र सबैभन्दा कम कर्णाली प्रदेशमा ६० जना प्रति वर्ग कि.मि. मा बसोबास गरेको छन् (तालिका २.२) ।

**तालिका २.२: लैङ्गिक अनुपात र जनघनत्व**
**(प्रति वर्ग कि. मि.)**

| प्रदेश | लैङ्गिक अनुपात | जनघनत्व |
|---|---|---|
| कोशी | ९५.०२ | १९२ |
| मधेश | १००.५५ | ६३३ |
| बागमती | ९९.३६ | ३०१ |
| गण्डकी | ९०.३७ | ११५ |
| लुम्बिनी | ९२.०१ | २३० |
| कर्णाली | ९५.२७ | ६० |
| सुदूरपश्चिम | ८९.५१ | १३८ |
| **नेपाल** | **९५.५९** | **१९८** |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### क) प्रादेशिक क्षमता र सम्भावना

- कर्णाली प्रदेशमा कम जनसंख्या तथा धेरै भुगोल र प्राकृतिक स्रोतको अधिक उपलब्धता भएकोले यस प्रदेशको आर्थिक विकासमा योगदान पुग्ने सम्भावना प्रचुर रहेको ।
- कर्णाली प्रदेश आफैमा जडीबुटी भण्डारका रुपमा परिचित छ। यो प्रदेशले हिमाली क्षेत्रमा पाउने धेरै बहुमुल्य औषधीय महत्व बोकेका वनस्पतिहरुको प्रतिनिधित्व गर्छ। त्यसैगरी, यो प्रदेशमा विश्वमा अन्त कतै नपाउने ६१ प्रजातिका वनस्पतिहरु हालसम्म अभिलेख भैसकेका छन्। जाजरकोटमा मात्रै पाउने प्रुनस जाजरकोटेन्सिस या हुम्लाको सिमिकोटमा मात्रै पाउने पापाभर सिमिकोटेन्सिस विश्व वनस्पति विज्ञानको जगतमा नयाँ आयम थपेको पाइन्छ। यहाँ पाउने जडिबुटीहरुको उपयुक्त ढंगले व्यवस्थापन एवंम् सदुपयोग (खेती, संकलन, भण्डारण

तथा प्रशोधन) गर्न सकेमा यस प्रदेशका नागरिकहरुको जीवनस्तरमा सुधार गर्न सकिने प्रशस्त आधारहरु उपलब्ध रहेका छन् ।

- प्रदेशको कृषि क्षेत्र अधिक हिस्सा अझै प्राङ्गारिक रहेकाले उच्च मूल्य र अर्गानिक कृषिको सम्भावना यस प्रदेशमा रहेको छन् ।
- कर्णाली प्रदेशका निर्यातयोग्य रैथाने उत्पादन जस्तैः मार्सी धान, चिनो, फापर, कोदो, कागुनो, जुनेलो, लट्टे, सिमी लगायतका कृषि उपजहरुको ब्राण्डिङ्ग गरी बजारीकरणको व्यवस्था गर्न सकेमा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ ।
- सल्यान, जाजरकोट, रुकुम पश्चिम र सुर्खेत जिल्लामा अर्गानिक अदुवा, बेसार उत्पादन गरिरहेका व्यवसायिक कृषकहरुलाई उत्पादन तथा विक्री वितरणका आधारमा अनुदान उपलब्ध गराउन सकेको खण्डमा उत्पादन वृद्धि हुने सम्भावना रहेको छ ।
- प्रदेशभित्र घरेलु, कृषि तथा वन पैदावारमा आधारित उद्योगहरुको विकास र विस्तार गरी यस क्षेत्रको समग्र आर्थिक विकास गर्न सकिने सम्भावना रहेको छ ।
- सुर्खेत विमानस्थलबाट कर्णाली प्रदेशका हवाई उडान हुने सबै जिल्लामा हवाई सेवालाई नियमित, सुलभ र सहज बनाउन सकेमा यस प्रदेशको पर्यटन विकास गर्न सकिने सम्भावना रहेको छ ।
- यस प्रदेशको मेरुदण्डको रुपमा रहेका सुर्खेतको छिन्चु देखि उपल्लो डोल्पा जाने भेरी करिडोर, वीरेन्द्रनगरबाट हुम्लाको हिल्सासम्मको कर्णाली करिडोर र कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको सेरिघाट-जुम्लाको खलङ्गा-र मुगुको नाक्चेलाग्ना खण्ड समयमै गुणस्तरीय निर्माण तथा स्तरोन्नति हुन सकेमा शे-फोक्सुण्डो ताल, रारा ताल र लिमीबाट कैलाश मानसरोवर दर्शनका लागि लाखौं पर्यटक आकर्षित भई कर्णालीबासीका लागि रोजगारी सिर्जना हुने र यसबाट प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने सम्भावना रहेको ।
- सल्यानको कुपिन्डे दह, दैलेखको ज्वालामुखी, हुम्लाको लिमी उपत्यका जस्ता ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् पर्यटकीय स्थलको संरक्षण, सम्बर्द्धन तथा प्रकृतिमैत्री आकर्षक पर्यटन गन्तव्यस्थलको रुपमा विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनको उच्च सम्भावना रहेको छ ।
- नेपाली इतिहास, भाषा र सांस्कृतिको गौरवपूर्ण परम्परा भएको यो प्रदेश नेपालको एक प्रमुख सांस्कृतिक केन्द्रको सम्भावना रहेको छ ।
- खस राज्यको प्रवर्तक नागराजको प्रतिमा स्थापना गरी खस राजधानी सिंजालाई विशेष पर्यटकीय स्थलको रुपमा दरबार क्षेत्रको विकास तथा दुल्लु दरबार र जाजरकोट दरबार क्षेत्रको विकास तथा संरक्षण गरी स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्न सकिन्छ ।
- यस प्रदेशमा रहेका ठूला-ठूला नदीहरु तथा पानीको अन्य स्रोतबाट आधुनिक प्रविधियुक्त सिँचाइ विस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा उल्लेख्य वृद्धि गर्न सक्ने सम्भावना रहेको छ ।

- यस प्रदेशमा हिमाल, पहाड र भित्री मधेश लगायतका क्षेत्रहरु रहेकाले कृषि तथा पशुपालन प्रभावकारी रुपमा संचालन गरी कृषि तथा पशुपालनमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण र विविधीकरण गर्न सकिने उच्च सम्भावना रहेको छ ।
- यस प्रदेशको दैलेख जिल्लामा प्राकृतिक ग्याँस र पेट्रोलियम पदार्थको ठुलो सम्भावना रहेको छ जसको व्यवस्थित रुपमा उत्खनन गरी प्राकृतिक ग्याँस तथा पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहेको छ ।
- यस प्रदेशमा कर्णाली, भेरी, हिमा, तिला जस्ता नदीहरु रहेकोले जलविद्युत् उत्पादन तथा जलयातायातको प्रचुर सम्भावना रहेको छ ।

### ख) प्रादेशिक चुनौती

- यस प्रदेशमा अथाह सम्भावना भएका क्षेत्रहरुको उत्खनन, प्रशोधन र अध्ययन अनुसन्धानको कमीले प्रादेशिक औद्योगिक र उद्यामशीलता विकास गर्नु ।
- कर्णाली प्रदेशमा कठिन भूगोल र सीमित स्रोत साधन भएकोले सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकास गर्नु ।
- लगानीको वातावरण सिर्जना गरी उत्पादन र रोजगारी वृद्धि गर्नु ।
- हवाई यातायातलाई सुलभ र सहज यातायातको साधनको रुपमा विकास गर्नु, निजी क्षेत्रलाई प्रदेशको हवाई सेवा विस्तारमा आकर्षित गर्नु साथै, प्रदेशका विमान स्थलहरुलाई आर्थिक रुपमा सक्षम हुने गरी सञ्चालन गर्नु ।
- यस प्रदेशमा कठिन भूगोल र सीमित स्रोत साधन भएकोले वित्तीय पूर्वाधारको विकास तथा वित्तीय साक्षरता अभिवृद्धिमार्फत वित्तीय पहुँच विस्तार गर्नु, निक्षेप संकलन तथा कर्जा परिचालन, दक्ष जनशक्ति निर्माण गर्नु ।
- प्रदेशभित्र सञ्चालन हुने राष्ट्रिय गौरवका आयोजना, प्रदेश गौरवका आयोजना, बहुवर्षीय, अधुरा तथा क्रमागत आयोजनाहरु समयमा सम्पन्न गर्नु ।
- प्रदेशभित्र सञ्चालन हुने कार्यक्रम तथा आयोजनाको अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु ।
- वैदेशिक रोजगारीका लागि भारत तथा खाडी मुलुकमा जाने गरेका अधिकांश युवा जनशक्तिलाई प्रदेशमै रोजगारीको अवसर सिर्जनागरी बढ्दो गरिबी तथा बेरोजगारीलाई न्यूनीकरण गर्नु,
- भौगोलिक विकटताका बाबजुद यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रको पूर्वाधार तथा आधारभूत सेवाको विस्तारगरी समग्र पूर्वाधार क्षेत्रको विकास गर्नु । परम्परागत खेतीमा आधारित निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक, वैज्ञानिक र रोजगारीयुक्त व्यावसायिक कृषि प्रणालीमा रुपान्तरण गर्नु ।
- बहुमूल्य जडीबुटीहरुको प्रदेशमै प्रशोधन गरी प्रदेशबाटै अन्तिम वस्तुको उत्पादन तथा बिक्री वितरण गर्नु ।
- महत्वपूर्ण खनिज पदार्थ तथा बहुमुल्य पत्थरहरुको उत्खनन् गर्न उद्योगहरुको स्थापना तथा सञ्चालन गर्नु ।

- न्यून आय तथा गरिबीका कारणले शिक्षा तथा स्वास्थ्यको पहुँचमा आउन नसकेको जनसंख्याको हिस्सालाई न्यूनीकरण गर्दै स्थापित संयन्त्रहरुको विकास र विस्तार गर्नु ।

# परिच्छेद ३

# कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्म कर्णाली प्रदेशमा कृषि बालीले ढाकेको क्षेत्रफलमा ०.१७ प्रतिशतले ह्रास आई ३,२७,५२५.१५ हेक्टर कायम भएको छ । गत अवधिमा यस्तो क्षेत्रफल १.४२ प्रतिशतले वृद्धि भएको थियो (तालिका ३.१) ।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र**
**(जिल्लागत)**

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| सुर्खेत | ६१,५१०.० | ७,४३१.० | २,७४४.० | २२.११ | ३९.१४ | ९.०३ |
| दैलेख | ४८,१३४.० | २,९२७.० | ३,२९४.० | १७.३० | १५.४२ | १०.८४ |
| जुम्ला | १८,७१६.० | १,०२०.० | १२,१८५.० | ६.७३ | ५.३७ | ४०.१० |
| रुकुम पश्चिम | २४,६०९.० | १,६२२.० | १,००५.० | ८.८५ | ८.५४ | ३.३१ |
| हुम्ला | ७,२१५.० | ३,३४५.० | २,८६७.० | २.५९ | १७.६२ | ९.४४ |
| जाजरकोट | ३१,३९२.१५ | ४२०.० | ७७२.० | ११.२९ | २.२१ | २.५४ |
| कालिकोट | २०,६८२.० | ४७१.० | २,५०४.० | ७.४४ | २.४८ | ८.२४ |
| डोल्पा | ७,३८५.० | ५५.० | ३१५.० | २.६५ | ०.२९ | १.०४ |
| मुगु | ११,०६६.० | ३२०.० | ८२७.० | ३.९८ | १.६९ | २.७२ |
| सल्यान | ४७,४४७.० | १,३७५.० | ३,८७०.० | १७.०६ | ७.२४ | १२.७४ |
| **जम्मा** | **२,७८,१५६.१५** | **१८,९८६.०** | **३०,३८३.०** | **१००.०** | **१००.०** | **१००.०** |


*स्रोतः कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

### क) खाद्य तथा अन्य बाली

आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्म कर्णाली प्रदेशको खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ०.२७ प्रतिशतले वृद्धि भई २,७८,१५६ हेक्टर पुगेको छ (तालिका ३.१) । गत अवधिमा उक्त क्षेत्रफल २.०९ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्म धान र मकै बालीले ढाकेको क्षेत्रफल क्रमशः ८.४८ प्रतिशत र २.१२

प्रतिशतले वृद्धि भई ४१,९०४ हेक्टर र ८७,२१३ हेक्टर पुगेको छ (रेखाचित्र ३.१) । गत अवधिमा धान बालीले ढाकेको क्षेत्रफल १.१८ प्रतिशतले घटेको थियो भने मकै बालीले ढाकेको क्षेत्रफल ५.५८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा गहुँ, कोदो, जौं र फापर बालीले ढाकेको क्षेत्रफलमा भने क्रमशः ०.९७ प्रतिशत, २८.१६ प्रतिशत, ३३.३० प्रतिशत र २३.०१ प्रतिशतले कमी आएको छ। त्यसैगरी, गत अवधिमा गहुँ, कोदो, जौ र फापर बालीले ढाकेको क्षेत्रफल क्रमशः ०.५२ प्रतिशत, १७.५७ प्रतिशत, १.८० प्रतिशत र ४६.५८ प्रतिशतले वृद्धि भएको थियो ।

**रेखाचित्र ३.१: प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र**
**(सय हेक्टर)**




*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

गत अवधिमा १०.८३ प्रतिशतले घटेको आलु बालीले ढाकेको क्षेत्रफल समीक्षा अवधिमा २.० प्रतिशतले घटेर १२,३०७ हेक्टर कायम भएको छ। समीक्षा अवधिमा तेलहन बालीले ढाकेको क्षेत्रफल ७८.१८ प्रतिशतले वृद्धि भई १५,६३५ हेक्टर पुगेको छ भने दलहन बालीले ढाकेको क्षेत्रफल १.२७ प्रतिशतले घटेर १६,८८५ हेक्टर कायम भएको छ। गत अवधिमा दलहन र तेलहन बालीले ढाकेको क्षेत्रफल क्रमशः १०.४८ प्रतिशत र २.० प्रतिशतले घटेको थियो । यस्तै, समीक्षा अवधिमा भटमास बालीले ढाकेको क्षेत्रफल ९.४९ प्रतिशतले वृद्धि भई ५,२४८ हेक्टर कायम भएको छ। गत अवधिमा भटमास बालीले ढाकेको क्षेत्रफल २.३१ प्रतिशतले वृद्धि भएको थियो ।

कर्णाली प्रदेशमा रहेका १० जिल्लाहरुमध्ये खाद्य तथा अन्य बाली क्षेत्रमा सुर्खेत जिल्लाले सबैभन्दा धेरै २२.११ प्रतिशत र हुम्ला जिल्लाले सबैभन्दा कम २.५९ प्रतिशत हिस्सा ओगटेको छ (तालिका ३.१) । समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले समष्टिगत कृषि क्षेत्रको ८४.९३ प्रतिशत हिस्सा ओगटेको छ ।

### ख) तरकारी तथा बागवानी

समीक्षा अवधिमा बागवानी बालीले ढाकेको क्षेत्रफल ३.९९ प्रतिशतले वृद्धि भई ८,००८ हेक्टर पुगेको छ भने तरकारी बालीले ढाकेको क्षेत्रफलमा १२.६९ प्रतिशतले ह्रास आई १०,९७८ हेक्टर कायम भएको छ। आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्म तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल ६.३६ प्रतिशतले ह्रास आई १८,९८६ हेक्टर कायम भएको छ (तालिका ३.१)। कर्णाली प्रदेशमा रहेका १० जिल्लाहरुमध्ये तरकारी र बागवानी क्षेत्रमा सुर्खेत जिल्लाले सबैभन्दा धेरै ३९.१४ प्रतिशत र डोल्पा जिल्लाले सबैभन्दा कम ०.२९ प्रतिशत हिस्सा ओगटेको छ। समीक्षा अवधिमा तरकारी तथा बागवानी बालीले समष्टिगत कृषि बालीले ढाकेको कुल क्षेत्रफलको ५.८० प्रतिशत हिस्सा ओगटेको छ।

### ग) फलफूल तथा मसला

आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्म कर्णाली प्रदेशमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा ०.०३ प्रतिशतले ह्रास आई ३०,३८३ हेक्टर कायम भएको छ (तालिका ३.१)। गत अवधिमा यस्तो क्षेत्रफल ०.०१ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा प्रमुख फलफुलको रुपमा रहेका स्याउ, सुन्तला र अन्य फलफुलले ढाकेको क्षेत्रफल क्रमशः ९.७२ प्रतिशत, १.७२ प्रतिशत र ५१.३० प्रतिशतले वृद्धि भएको छ भने केरा र आँपले ढाकेको क्षेत्रफलमा क्रमशः २४.८२ प्रतिशत र ५.११ ले ह्रास आएको छ। गत अवधिमा केरा, आँप र सुन्तलाले ढाकेको क्षेत्रफल क्रमशः २६.५० प्रतिशत, ६.११ प्रतिशत र ३.८० प्रतिशतले वृद्धि भएको थियो भने स्याउ र अन्य फलफुलले ढाकेको क्षेत्रफलमा क्रमशः ६.७५ प्रतिशत र १९.८८ प्रतिशतले ह्रास आएको थियो। समीक्षा अवधिमा अन्य फलफुल, स्याउ र सुन्तलाले ढाकेको क्षेत्रफल बढ्नुका मुख्य कारणका रुपमा स्थानीय तह मार्फत क्षेत्रफल विस्तारका लागि नीति तथा कार्यक्रम लागु हुनु, फलफुल खेतीमा लगानी अभिवृद्धि हुनु, फलफुल खेतीतर्फ कृषकहरु लाई आकर्षित गर्नका लागि स्थानीय तह मार्फत विभिन्न किसिमका प्रोत्साहन कार्यक्रमहरु सञ्चालन हुनु, सडक विस्तार हनु, बजारीकरण हुनु र सहज बजार पहुँच जस्ता कारणहरु लिन सकिन्छ। त्यस्तै, समीक्षा अवधिमा अदुवा तथा बेसार जस्ता प्रमुख मसला बालीले ढाकेको क्षेत्रफल १५.३७ प्रतिशतले घटेको छ भने गत अवधिमा सो क्षेत्रफल ६.६० प्रतिशतले बढेको थियो।

जुम्ला जिल्लाले कर्णाली प्रदेशको कुल फलफुल तथा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी ४०.१० प्रतिशत क्षेत्रफल ओगटेको छ भने डोल्पा जिल्लाले सबैभन्दा कम १.०४ प्रतिशत भू-भाग ओगटेको छ (तालिका ३.१)। समीक्षा अवधिमा फलफूल तथा मसला बालीले समष्टिगत कृषि क्षेत्रको ९.२८ प्रतिशत हिस्सा ओगटेको छ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा कर्णाली प्रदेशमा कृषि बालीको उत्पादन ३.५३ प्रतिशतले ह्रास आई ११,५१,४३३.६१ मेट्रिक टन कायम भएको छ। गत अवधिमा यस्तो उत्पादन ८.७६ प्रतिशतले वृद्धि भएको थियो। स्थानीय सरकारबाट समग्र कृषि बालीको उत्पादन अभिवृद्धि गर्नका लागि कृषि क्षेत्रमा लगानी अभिवृद्धि साथै विभिन्न किसिमका प्रोत्साहन कार्यक्रमहरु सञ्चालनमा आएतापनि उत्पादनमा प्रभाव देखिन केही समय लाग्ने भएकाले समीक्षा अवधिमा प्रमुख कृषि बालीको उत्पादनमा सकारात्मक परिवर्तन आएको देखिदैन (तालिका ३.२)।

## तालिका ३.२: प्रमुख कृषि बालीको उत्पादन
(जिल्लागत)

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | मह | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| सुर्खेत | २०२९९७.८० | ७६१२०.० | २८२९९.० | २०६.० | २४.३० | ४१.९७ | २१.१३ |
| दैलेख | १४८७६१.५० | २६५३९.० | १६८३३.० | १७.० | १७.८१ | १४.६३ | १२.५७ |
| जुम्ला | ६००६५.० | ९३३०.० | १९०५०.० | १८.० | ७.१९ | ५.१४ | १४.२२ |
| रुकुम पश्चिम | ७१५७९.९४ | २०४५५.० | ९२२८.२३ | ३.५ | ८.५७ | ११.२८ | ६.८९ |
| हुम्ला | १६१६९.२७ | ८१५२.० | ४१५७.० | | १.९४ | ४.४९ | ३.१० |
| जाजरकोट | ८२३५८.७५ | ४१५०.० | ४७८४.० | १२२.५ | ९.८६ | २.२९ | ३.५७ |
| कालिकोट | ३७०५१.५० | ६६६४.० | १२४५९.५ | ३०.० | ४.४४ | ३.६७ | ९.३० |
| डोल्पा | १०८२१.२८ | १०५०.० | १७६०.० | ५.० | १.३० | ०.५८ | १.३१ |
| मुगु | २८५५१.५४ | १४०८.० | ३९१६.० | २.० | ३.४२ | ०.७८ | २.९२ |
| सल्यान | १७७३३८.५० | २७५००.० | ३३४७०.३० | ९.५ | २१.२३ | १५.१६ | २४.९९ |
| **जम्मा** | **८३५६९५.०८** | **१८१३६८.०** | **१३३९५७.०३** | **४१३.५०** | **१००** | **१००** | **१००** |

*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*


### क) खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा कर्णाली प्रदेशको खाद्य तथा अन्य बालीको उत्पादनमा ३.०५ प्रतिशतले ह्रास आई ८,३५,६९५.० मेट्रिक टन कायम भएको छ (तालिका ३.२)। गत अवधिमा यस्तो उत्पादन १०.६२ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा अवधिमा प्रमुख कृषि बालीमध्ये धान बालीको उत्पादन १२.०४ प्रतिशतले वृद्धि भई १,४५,०६३.० मेट्रिक टन पुगेको छ (रेखाचित्र ३.२)। गत अवधिमा यस्तो उत्पादन २.०५ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, गत अवधिमा ९.२१ प्रतिशतले वृद्धि भएको मकै उत्पादन समीक्षा अवधिमा ७.६१ प्रतिशतले घटेको छ। समीक्षा अवधिमा गहुँ उत्पादन गत अवधिको तुलनामा ०.४३ प्रतिशतले वृद्धि भई १,८८,३२४ मेट्रिक टन पुगेको छ। कोदो, जौ र फापरको उत्पादनमा क्रमश: १६.७३ प्रतिशत र १८.९८ र २५.६९ प्रतिशतले ह्रास आएको छ । गत अवधिमा उक्त बालीहरुको उत्पादन क्रमश: ४५.९४ प्रतिशत, ४५.४९ प्रतिशत र १९.७७ प्रतिशतले वृद्धि भएको थियो ।

**रेखाचित्र ३.२: खाद्य तथा अन्य बालीको उत्पादन**

**(सय मेट्रिक टन)**




*स्रोतः कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

त्यस्तै, गत अवधिमा १.२४ प्रतिशतले वृद्धि भएको दलहन उत्पादन समीक्षा अवधिमा ७.५६ प्रतिशतले घटेर १७,८७९ मेट्रिक टन कायम भएको छ। त्यस्तै, समीक्षा अवधिमा कर्णाली प्रदेशमा तेलहन उत्पादन ४६.१९ प्रतिशतले वृद्धि भएको छ भने गत अवधिमा यस्तो उत्पादन ४.०७ प्रतिशतले वृद्धि भएको थियो ।

## ख) तरकारी तथा बागवानी


समीक्षा अवधिमा कर्णाली प्रदेशमा तरकारी तथा बागवानी उत्पादन ५.२९ प्रतिशतले ह्रास आई १,८१,३६८.० मेट्रिक टन कायम भएको छ (तालिका ३.२) । गत अवधिमा यस्तो उत्पादन ६.८२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तरकारी उत्पादनमा ६.४६ प्रतिशतले ह्रास आएको छ भने गत अवधिमा तरकारी उत्पादन ७.४९ प्रतिशतले वृद्धि भएको थियो । स्थानीय सरकारबाट तरकारी र बागबानी उत्पादनमा लगानी अभिवृद्धि भएतापनि उत्पादनमा प्रभाव देखिन केही समय लाग्ने भएकाले समीक्षा अवधिमा तरकारी र बागबानी उत्पादनमा सकारात्मक परिवर्तन आएको देखिदैन ।

## ग) फलफूल तथा मसला

समीक्षा अवधिमा कर्णाली प्रदेशभित्र फलफूल तथा मसला उत्पादनमा ४.३३ प्रतिशतले ह्रास आई १,३३,९५७.०३ मेट्रिक कायम भएको छ (तालिका ३.२) । गत अवधिमा उक्त उत्पादन ०.९१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा प्रमुख फलफूलमध्ये स्याउ र अन्य फलफूल उत्पादन क्रमशः २९.४५ प्रतिशत र १२.८१ प्रतिशतले वृद्धि भएको छ (रेखाचित्र ३.३) । गत अवधिमा स्याउ उत्पादनमा ३.० प्रतिशतले ह्रास आएको थियो भने अन्य फलफूल उत्पादन ४.०४ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, गत अवधिमा ८.४९ प्रतिशतले वृद्धि भएको सुन्तला उत्पादन समीक्षा अवधिमा

१९.८३ प्रतिशतले ह्रास आएको छ। आँप र केराको उत्पादनमा क्रमशः ६.६८ प्रतिशत र २४.५७ प्रतिशतले कमी आएको छ भने गत अवधिमा यी दुई फलफुलको उत्पादन क्रमशः २.३४ प्रतिशत र १.१८ प्रतिशतले वृद्धि भएको थियो।

**रेखाचित्र ३.३: फलफुल उत्पादन**
**(हजार मेट्रिक टन)**




*स्रोत: कृषि विकास निर्देशनालयर जिल्लास्थित कृषि विकास कार्यालयहरु*


समीक्षा अवधिमा अदुवा, बेसार लगायतका प्रमुख मसला बालीको उत्पादनमा १३.३५ प्रतिशतले ह्रास आई ६१,९६१ मेट्रिक टन कायम भएको छ। गत अवधिमा यस्तो उत्पादन ०.२६ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा कर्णाली प्रदेशमा मह उत्पादन उल्लेख्य रुपमा वृद्धि भई ४१३.५ मेट्रिक टन पुगेको छ (तालिका ३.२)। गत अवधिमा यस्तो उत्पादन २४.८८ प्रतिशतले घटेको थियो।

### घ) कृषि बालीको उत्पादनमा क्षेत्रगत हिस्सा

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनले कर्णाली प्रदेशको कुल कृषि उत्पादनको करिब ७२.५८ प्रतिशत हिस्सा ओगटेको छ। त्यसैगरी, तरकारी तथा वागवानी, फलफूल तथा मसला बाली र मह उत्पादनको हिस्सा क्रमशः १५.७५ प्रतिशत, ११.६३ र ०.०४ प्रतिशत रहेको छ (रेखाचित्र ३.४)। समीक्षा अवधिमा यस प्रदेशको कुल खाद्य तथा अन्य बाली उत्पादनमा सबैभन्दा बढी हिस्सा २४.३० प्रतिशत सुर्खेत जिल्लाको रहेको छ भने सबैभन्दा कम हिस्सा १.३१ प्रतिशत हिस्सा डोल्पा जिल्लाको रहेको छ (तालिका ३.२)। त्यसैगरी, यस प्रदेशको कुल तरकारी तथा बागवानी उत्पादनको सबैभन्दा बढी हिस्सा सुर्खेत जिल्लाको ४१.९७ प्रतिशत रहेको छ भने डोल्पा जिल्लाको सबैभन्दा न्यून ०.५८ प्रतिशत हिस्सा रहेको छ। त्यस्तै, फलफूल तथा मसला बालीको हिस्सा सबैभन्दा बढी २४.९९ प्रतिशत सल्यान जिल्लाको रहेको छ भने सबैभन्दा कम १.३१ प्रतिशत डोल्पा जिल्लाको रहेको छ। खाद्य तथा अन्य बालीको उत्पादनमा सबैभन्दा धेरै २९.७८ प्रतिशत हिस्सा मकै उत्पादनको रहेको छ भने सबैभन्दा कम ०.०४ प्रतिशत हिस्सा उखु उत्पादनको रहेको

छ । त्यस्तै, कोदो, गहुँ, आलु र धान उत्पादनको हिस्सा क्रमशः ३.०६ प्रतिशत, २२.५४ प्रतिशत, २०.८९ प्रतिशत र १७.३६ प्रतिशत रहेको छ ।

### रेखाचित्र ३.४: कृषि बालीको उत्पादन
**(प्रतिशत)**




*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

## ३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

### क) पशुपंछी तथा माछा उत्पादन

कर्णाली प्रदेशमा समीक्षा अवधिमा दुध उत्पादन ७.२३ प्रतिशतले वृद्धि भई ३६,५०६.२८ हजार लिटर पुगेको छ । गत अवधिमा यो उत्पादन १८.११ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा मासु उत्पादन १०.१२ प्रतिशतले वृद्धि भएको छ भने गत अवधिमा ३६.५१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कर्णाली प्रदेशमा अण्डा उत्पादनमा १५.० प्रतिशतले ह्रास आएको छ भने गत अवधिमा यो उत्पादन २२.९६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा माछा उत्पादन १४.६२ प्रतिशतले वृद्धि भई १८२.५२ मेट्रिक टन पुगेको छ । माछापालन सम्बन्धी सरकारी निकायबाट प्रदान गरिने अनुदानको प्रभावकारी कार्यान्वयन हुनु साथ-साथै कृषकहरुलाई माछापालन सम्बन्धी आवश्यक सीप, तालिम कार्यक्रमहरु सञ्चालन हुनु जस्ता कारणहरुले माछा उत्पादनमा सकारात्मक परिवर्तन आएको अनुमान गर्न सकिन्छ ।

### ख) वनजन्य उत्पादन

समीक्षा अवधिमा कर्णाली प्रदेशमा काठ उत्पादनमा ८४.५४ प्रतिशतले ह्रास आई २२,३९७ क्यूबिक फिट कायम भएको छ । त्यसैगरी दाउराको उत्पादनमा ९३.४३ प्रतिशतले ह्रास आई १७.१२ चट्टा कायम भएको छ । गत अवधिमा काठ उत्पादनमा १६.९५ प्रतिशतले ह्रास आएको थियो भने दाउरा उत्पादन ५८.४० प्रतिशतले वृद्धि भएको थियो । यसैगरी,

आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्म औषधीजन्य वस्तुहरुको उत्पादनमा १८.०६ प्रतिशतले ह्रास आई १,७८६.४७ मेट्रिक टन कायम भएको छ। गत अवधिमा यस्तो उत्पादनमा १९.५९ प्रतिशतले ह्रास आएको थियो। विभिन्न विकास आयोजना र निर्माण कार्यको कारण काठ दाउराको उत्पादनमा प्रभाव पर्ने तथा जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना निर्माण कार्य भईरहेको र स्वीकृत नभएसम्म वन पैदावार संकलन गर्न नसकिने हुँदा वनजन्य उत्पादनमा कमी आएको अनुमान गर्न सकिन्छ।

## ३.४ सिँचाई

समीक्षा अवधिमा यस प्रदेशमा रहेको कुल कृषि बालीले ढाकेको क्षेत्रफल ३,२७,४८५.१५ हेक्टरमध्ये ५७,७७८.९१ हेक्टर क्षेत्रफलमा मात्र सिँचाई सुविधा पुगेको छ। गत अवधिको तुलनामा समिक्षा अवधिमा सिञ्चित क्षेत्रफल १.५९ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा कुलोद्वारा सिञ्चित क्षेत्रफल सबैभन्दा बढी ४५,२१२.१८ हेक्टर रहेको छ भने सबैभन्दा कम २ हेक्टर क्षेत्रफल बोरिङ्गद्वारा सिञ्चित रहेको छ। समीक्षा अवधिमा कुलोद्वारा सिञ्चित क्षेत्रफल १.५२ प्रतिशतले बढेको छ। गत अवधिमा यस्तो क्षेत्रफल ८.६० प्रतिशतले घटेको थियो। त्यसैगरी, नहरद्वारा सिञ्चित क्षेत्रफल समीक्षा अवधिमा करिव १.२० प्रतिशतले वृद्धि भई १४,९५२ हेक्टर पुगेको छ।

**तालिका ३.३: कर्णाली प्रदेशमा सिँचाईको अवस्था**
(हेक्टर)

| सिँचाई/आ.व | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) |
|---|---|---|---|
| कुलो | ४८७२४.० | ४४५३४.० | ४५२१२.१८ |
| नहर | १३३२०.० | १४७७४.० | १४९५२.० |
| पोखरी | ११४९.२६ | १२२२.०८ | ११३३.८७ |
| बोरिङ्ग | २.० | २.०० | २.० |
| थोपा | ३८४.० | ४११.५० | ४१४.७३ |
| अन्य | १४७.० | १७२.०० | ६२.० |

*स्रोतः खानेपानी, सिँचाई तथा ऊर्जा विकास निर्देशनालय र जिल्ला स्थित कार्यालयहरु*

## ३.५ क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिसम्म यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुद्वारा कृषि क्षेत्रमा प्रवाहित कर्जामा गत अवधिको तुलनामा १७.५७ प्रतिशतले कमी आई रु.४ अर्ब ५२ करोड १९ लाख पुगेको छ (तालिका ३.४)। समीक्षा अवधिमा प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा बढी सनपाट शीर्षकमा अधिक वृद्धि भई रु.१० लाख ३० हजार पुगेको छ भने सिँचाई शीर्षकमा कृषि कर्जा प्रवाह भएको छैन। यस प्रदेशमा प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा धेरै रु.२ अर्ब ३७ करोड ५२ लाख सुर्खेत जिल्लामा प्रवाहित भएको छ भने सबैभन्दा कम रु.९२ करोड १२ लाख मुगु जिल्लामा प्रवाहित भएको देखिन्छ।

### तालिका ३.४: जिल्लागत कृषि कर्जा

(रु.दश लाख)

| जिल्ला/आ.व | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | गत अवधिको परिवर्तन (प्रतिशत) | समीक्षा अवधिको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | ८०.१८ | ९९.३२ | १४७.६२ | २३.८७ | ४८.६४ |
| मुगु | ७३.७४ | १०२.८१ | ९२.१२ | ३९.४३ | -१०.४० |
| हुम्ला | १८८.८६ | २००.४५ | १५०.२४ | ६.१४ | -२५.०५ |
| जुम्ला | ३६४.१२ | ५२९.७० | ४२८.४९ | ४५.४७ | -१९.११ |
| कालीकोट | ११०.८६ | १३७.८३ | १३२.९० | २४.३२ | - ३.५८ |
| दैलेख | ४२०.०५ | ३८२.२९ | २५९.७२ | - ८.९९ | - ३२.०६ |
| जाजरकोट | २५२.५२ | ३०१.६० | ३२३.३६ | १९.४३ | २५२.५२ |
| रुकुम पश्चिम | ४३३.७६ | ५५९.५१ | ५४१.५२ | २८.९९ | - ३.२२ |
| सल्यान | ५४५.८५ | ५७६.२९ | ४०८.४३ | ५.५८ | - २९.१३ |
| सुर्खेत | १९४५.८९ | २५९५.७७ | २०३७.५२ | ३३.४० | - २१.५१ |
| **कर्णाली प्रदेश** | ४४१५.८४ | ५४८५.५६ | ४५२१.९२ | २४.२२ | - १७.५७ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ३.६ कृषि क्षेत्रको चुनौती र सम्भावना

### क) कृषि क्षेत्रको चुनौती

- कृषि प्रणालीमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायिकरण र विविधिकरणको अवधारणालाई तिनै तहका सरकारी निकायहरुबाट विशेष जोड दिदै व्यवहारिक रुपमा कार्यान्वयन गर्नु ।
- कृषि क्षेत्रलाई मर्यादित पेशाको रुपमा स्थापित गर्दै रोजगारीका नयाँ-नयाँ अवसरहरु सिर्जना गरी युवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गर्दै लैजानु पनि चुनौतिपूर्ण कार्य रहेको छ ।
- परम्परागत निर्वाहमुखी कृषि प्रणालीबाट व्यवसायमुखी आधुनिक कृषि प्रणालीमा रुपान्तरण गरी रोजगारी एवं आयस्तर वृद्धि गर्नु ।
- कृषि क्षेत्रको वृद्धिदरलाई अभिवृद्धि गर्नका लागि आवश्यकता अनुरुप नीतिगत, प्रक्रियागत र संस्थागत सुधारहरु गर्नु ।

- कर्णाली प्रदेशका स्थानीय, रैथाने तथा लोपोन्मुख बालीहरु जस्तै कागुनो, कुरिलो, मार्सी धान आदिको संरक्षण र प्रवर्दन गर्नु ।

- कृषि क्षेत्रमा देखापरेका जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण गर्दै प्राकृतिक प्रकोपसँग जुध्न सक्ने क्षमता विकास गर्नु ।

- कृषि तथा पशुजन्य उत्पादनमा हानिकारक विषादी, रसायन तथा एन्टिबायोटिक्सको प्रयोग कम गरी जनस्वास्थ्यमा पर्न जाने नकारात्मक प्रभाव कम गर्दै लैजानु ।

- सीमित स्रोत साधन, कृषि कर्जा, बीमा, प्रविधि, ज्ञान, सीपको समुचित प्रयोग गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नु तथा समग्र कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।

- अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण तथा जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि भूमि सदुपयोगका लागि निर्मित योजना, कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्नु ।

- कृषि तथा पशुजन्य वस्तुको उत्पादन, प्रशोधन र बजारीकरणलाई लागत प्रभावकारी बनाउनु कृषि क्षेत्रको व्यापारलाई सन्तुलनमा राख्नु, गुणस्तर र स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याइ नाफामूलक र प्रतिस्पर्धात्मक बनाउनु, कृषि क्षेत्रको उत्पादन वृद्धि गरी आत्मनिर्भर बन्नका लागि संघ, प्रदेश र स्थानीय तहको लगानी एवम् सेवालाई थप प्रभावकारी बनाई अन्तरसरकार सहकार्य र समन्वय चुस्त बनाउनु ।

- कृषिको आधुनिकीकरण मार्फत लागत न्युनीकरण, उत्पादन वृद्धि, व्यवसायीकरण र बजारीकरण गर्नको लागि सञ्चालित कृषि यान्त्रिकीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी उल्लेखित लक्ष्य तथा उद्देश्य हासिल गर्नु ।

- कर्णाली प्रदेशलाई दुग्ध क्षेत्रमा आत्मनिर्भर बनाउनका लागि दुग्ध उत्पादनमा आधारित उद्योग स्थापना गरी दुग्ध व्यवसाय प्रवर्द्धन, प्रशोधन तथा बजारीकरण गर्नु ।

### ख) कृषि क्षेत्रको सम्भावना

- कर्णाली प्रदेश प्राङ्गारिक कृषिको लागि अति उपयुक्त क्षेत्र भएको हुँदा यसको विकास तथा प्रवर्द्धनका लागि अध्ययन, अनुसन्धान तथा सरोकारवाला निकायहरुसँग समन्वय गरी प्राङ्गारिक कृषिको विस्तार गर्न सकिने ।

- स्वदेशमा बढ्दै गरेको कृषि क्षेत्रको प्राविधिक जनशक्तिलाई आधुनिक कृषि प्रणालीसँग आबद्ध गर्दै स्वदेशमै रोजगारी प्रदान गर्न सकिने सम्भावना रहेको ।

- कृषि उपजको मूल्य निर्धारण व्यवहारिक भई सहज बजारको पहुँच हुँन सकेमा कृषकहरुलाई थप प्रोत्साहित गर्दै यस क्षेत्रमा कृषि उद्यमको विकास गरी रोजगारीको वृद्धि गर्न सकिने उच्च सम्भावना रहेको ।

- यस प्रदेशबाट भारत तथा अन्य वैदेशिक मुलुकहरुमा रोजगारीका लागि जाने संख्या उच्च रहेकोले त्यस्ता श्रमिकहरुलाई व्यवसायिक कृषि, उधमशिलता जस्ता क्षेत्रमा खपत गराउदै स्वदेशमै रोजगारी उपलब्ध गराउने सम्भावना रहेको ।

- स्वदेशमा बढ्दै गरेको कृषि क्षेत्रको प्राविधिक जनशक्तिलाई आधुनिक कृषि प्रणालीसँग आबद्ध गर्दै कृषि उद्यमको विकास गरी रोजगारीको वृद्धि गर्न सकिने उच्च सम्भावना रहेको ।

- यस प्रदेशमा हिमाली, पहाडी तथा भित्री मधेश सबै भुगोल रहेकोले यहाँ धान गहुँ, मकै, कादो, जौ, आलु, व्यवसायिक तरकारी, पशुपालन लगायत फलफूल खेती गर्न सकिने प्रचुर सम्भावना रहेको ।

- यो प्रदेश कृषि तथा जडिबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटी सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको ।

- यस प्रदेशमा रहेका जलसम्पदाहरु जस्तै कर्णाली, भेरी लगायतका ठूला नदीहरु, खहरे खोला, मुल पोखरी जस्ता स्रोतहरुको यथोचित प्रयोग गरी सिंचाई सुविधाको विस्तारमार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सकिने सम्भावना रहेको ।

- यस प्रदेशको हिमाली तथा उच्च पहाडी क्षेत्रहरुमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ । यस्ता क्षेत्रमा पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दूध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । अन्य पहाडी जिल्लाहरुमा व्यवसायिक बाख्रापालन, गाई/भैंसीपालनको सम्भावना रहेको छ ।

- यस प्रदेशको जुम्ला लगायतका हिमाली जिल्लामा व्यवसायिक स्याउ, ओखर खेती तथा अन्य पहाडी जिल्लाहरु दैलेख, सुर्खेत, कालिकोट, सल्यानमा व्यवसायिक सुन्तला, केरा, आँप खेतीको उच्च सम्भावना रहेको छ ।

# परिच्छेद ४

# उद्योग क्षेत्र

आर्थिक वर्ष २०८०/०८१ को कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान ९.७० प्रतिशत रहने अनुमान छ । यस प्रदेशमा उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिदर ०.६४ प्रतिशत र निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धिदर १.०२ प्रतिशत ऋणात्मक हुने प्रारम्भिक अनुमान छ । उद्योग विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ मा कुल ३०९ ठुला उद्योगहरु दर्ता भएकोमा कर्णाली प्रदेशमा रुरुगाड पावर कम्पनी प्रा.ली., सुर्य तारा सिमेन्ट उद्योग प्रा.ली., रारा होल्डिङ्ग प्रा.ली. र स्यार्पु पावर कम्पनी लि. गरी ४ ओटा ठुला उद्योगहरु दर्ता भएका छन् । उद्योग तथा उपभोक्त हित संरक्षण निर्देशनालय सुर्खेतको तथ्याङ्क अनुसार शुरुदेखि आर्थिक वर्ष २०७९/८० सम्म कर्णाली प्रदेशमा दर्ता भएका लघु, घरेलु तथा साना उद्योगहरुको संख्या ३६,५१६ रहेको छ जसमध्ये सबैभन्दा बढी सुर्खेत जिल्लामा १०,१३३ र सबैभन्दा कम मुगु जिल्लामा १,७३१ रहेको छ (तालिका ४.१) । आर्थिक वर्ष २०७९/८० मा जम्मा ३,६३० मात्र दर्ता भएका छन् ।

**तालिका ४.१: कर्णाली प्रदेशमा उद्योगको दर्ताको स्थिति**
(संख्या)

| जिल्ला | संख्या |
|---|---|
| रुकुम पश्चिम | २,४१७ |
| सल्यान | ३,१८९ |
| सुर्खेत | १०,१३३ |
| दैलेख | ५,०४९ |
| जाजरकोट | २,६९२ |
| कालीकोट | २,५०१ |
| मुगु | १,७३१ |
| हुम्ला | २,८४७ |
| जुम्ला | ३,९६८ |
| डोल्पा | १,९८९ |
| **जम्मा** | **३६,५१६** |


*स्रोत: उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत तथा उद्योग विभाग*

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

### क) उद्योगको क्षमताको उपयोग

समीक्षा अवधिमा कर्णाली प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५४.२३ प्रतिशत रहेको छ । यस अवधिमा उद्योगहरुको उपयोग क्षमतामा कागज तथा कागजका उत्पादन सम्बन्धी उद्योगको उपयोग क्षमता सबैभन्दा बढी ९६.१५ प्रतिशत रहेको छ भने सबैभन्दा कम दुग्ध पदार्थ अन्तर्गत प्रशोधित दुध उत्पादन सम्बन्धी उद्योगको उपयोग क्षमता २५.७१ प्रतिशत रहेको छ (रेखाचित्र ४.१)

## रेखाचित्र ४.१: उद्योगको क्षमता उपयोगको अवस्था
(प्रतिशत)




*स्रोत: वीरेन्द्रनगर सुर्खेत स्थित उद्योगहरु*

त्यसैगरी, अन्य खाद्य पदार्थ (प्रशोधित चिया), पलाष्टिकका सामान, काठ तथा काठको सामान, अन्य कपडा र अन्न तथा पशुदाना उत्पादन गर्ने उद्योगहरुको उपयोग क्षमता क्रमशः ७६.६७ प्रतिशत, ७०.० प्रतिशत, ४०.० प्रतिशत, ३७.५० र ३६.५२ प्रतिशत रहेको छ ।


### ख) औद्योगिक उत्पादनको अवस्था

यस प्रदेशमा औद्योगिक विकासका लागि आवश्यक पूर्वाधार, दक्ष जनशक्ति, कच्चा पदार्थको अभाव तथा विकट भौगोलिक बनावट जस्ता प्रमुख कारणहरुले गर्दा ठूला उद्योगहरुको सञ्चालन हुन सकेको देखिदैन । घरेलु, साना तथा मझौला उद्योगहरु मध्येबाट केही उद्योगहरु अध्ययनमा नमुना छनोटको रुपमा लिईएको छ ।

समीक्षा अवधिमा कर्णाली प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुमध्ये अधिकांश उद्योगहरुको उत्पादनमा ह्रास आएको देखिन्छ भने प्लाष्टिकका समान उत्पादनमा कुनै पनि परिवर्तत भएको छैन । अन्न तथा पशु दाना उत्पादन गर्ने उद्योगको उत्पादनमा २५.९३ प्रतिशतले ह्रास आएको छ । जसमा चामल र गँहुको पिठोको उत्पादनमा क्रमशः २८.५७ र ३०.७७ प्रतिशतले ह्रास आएको छ भने पशुदानाको उत्पादनमा कुनै परिवर्नन आएको देखिदैन । त्यस्तै, समीक्षा अवधिमा लत्ता कपडा शीर्षक अन्तर्गत अन्य लत्ता कपडा शिर्षक र काठ तथा काठका सामान शीर्षक अन्तर्गत चिरेको काठको उत्पादनमा क्रमशः ४०.० प्रतिशत र ३३.३३ प्रतिशतले कमी आएको छ । समीक्षा अवधिमा कागज तथा कागजका उत्पादनमा १३.६४ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, प्लाष्टिक उत्पादन शीर्षक अन्तर्गत प्लाष्टिकजन्य सामानको उत्पादनमा भने कुनै परिवर्तन आएको छैन । समीक्षा अवधिमा प्रशोधित दुधको उत्पादनमा पनि कुनै परिवर्तन आएको छैन ।


## रेखाचित्र ४.२: औद्योगिक उत्पादन

**क) मेट्रिक टन**




*स्रोत: वीरेन्द्रनगर सुर्खेत स्थित उद्योगहरु*

**ख) हजार लिटर**




*स्रोत: वीरेन्द्रनगर सुर्खेत स्थित उद्योगहरु*

### ४.२ क्षेत्रगत औद्योगिक कर्जा

यस प्रदेशमा आर्थिक वर्ष २०७९/८० को पुस मसान्तसम्म रु.५ अर्ब २८ करोड ७७ लाख रहेको कुल औद्योगिक कर्जा समीक्षा अवधिमा ३७.५५ प्रतिशतले कमी आई रु.३ अर्ब ३० करोड २१ लाख कायम भएको छ (तालिका ४.२)। समीक्षा अवधिमा विद्युत्, ग्यास तथा पानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जामा सबैभन्दा बढी ७९.१६ प्रतिशतले कमी आएको छ

भने धातुका उत्पादन मेसिनरी तथा ईलेक्ट्रोनिक्स सम्बन्धी उद्योगमा प्रवाहित कर्जामा १५.९३ प्रतिशतले कमी आएको छ ।

समीक्षा अवधिमा सुर्खेत जिल्लामा सबैभन्दा धेरै रु.२ अर्ब ४२ करोड ३७ लाख औद्योगिक कर्जा उपयोग भएको छ भने सबैभन्दा कम रु.८२ लाख हुम्ला जिल्लामा उपयोग भएको छ । औद्योगिक कर्जा घट्नुको प्रमुख कारणहरुमा आन्तरिक मागको कमी, लगानीयोग्य वातावरणको कमी, औद्योगिक विकासका लागि आवश्यक पर्ने पूर्वाधारहरुको अभाव, सम्बन्धित सरोकारवाला निकायहरुको विश्व बजारमा पहुँच स्थापना गर्नका लागि आवश्यक समन्वयकारी भूमिकाको अभाव जस्ता कारणहरु लिन सकिन्छ ।

### तालिका ४.२: जिल्लागत औद्योगिक कर्जा


(रु. दश लाख)

| जिल्ला/आ.व. | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | गत अवधिको परिवर्तन (प्रतिशत) | समीक्षा अवधिको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | २५.११ | १६.७८ | १४.२१ | – ३३.१७ | – १५.३१ |
| मुगु | ५०.२६ | ५२.०४ | २६.७३ | ३.५५ | – ४८.६३ |
| हुम्ला | १०३.८८ | १०८.७९ | ८.२५ | ४.७३ | – ९२.४२ |
| जुम्ला | २२०.८१ | ७३०.०१ | १५७.६५ | २३०.६१ | – ७८.४० |
| कालीकोट | १३१.८६ | १००.७६ | ६४.१४ | – २३.५९ | – ३६.३४ |
| दैलेख | २६८.७५ | २६९.२४ | १३८.८२ | ०.१८ | – ४८.४४ |
| जाजरकोट | ६२.९६ | ४६.७८ | ३८.८२ | – २५.७१ | – १७.०० |
| रुकुम पश्चिम | १३१.२२ | २०६.४८ | १७०.७८ | ५७.३६ | – १७.२९ |
| सल्यान | ४२१.७८ | ६४४.६० | २५८.९८ | ५२.८३ | – ५९.८२ |
| सुर्खेत | २,२५४.३६ | ३,११२.३२ | २,४२३.७२ | ३८.०६ | – २२.१३ |
| **कर्णाली प्रदेश** | ३६७०.९९ | ५२८७.७९ | ३३०२.११ | ४४.०४ | – ३७.५५ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा अवधिमा कुल औद्योगिक कर्जामध्ये गैर खाद्य वस्तु उत्पादन सम्बन्धी क्षेत्रको अंश सबैभन्दा बढी ३०.९२ प्रतिशत र खानी सम्बन्धी क्षेत्रको अंश सबैभन्दा कम १.९३ प्रतिशत रहेको छ । त्यसैगरी, निर्माण सम्बन्धी उद्योग, कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योग, धातुका उत्पादन मेसिनरी तथा ईलेक्ट्रोनिक्स सम्बन्धी उद्योग र विद्युत, ग्याँस तथा पानी सम्बन्धी कुल औद्योगिक कर्जाको क्रमशः २६.५५ प्रतिशत, २५.४५ प्रतिशत, १०.५४ प्रतिशत र ४.६१ प्रतिशत हिस्सा ओगटेका छन् (रेखाचित्र ४.३) ।

**रेखाचित्र ४.३: क्षेत्रगत औद्योगिक कर्जा**
(प्रतिशत)




*स्रोत: नेपाल राष्ट्र बैंक*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### क) औद्योगिक क्षेत्रको चुनौती

- राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्क अनुसार उत्पादनमुलक उद्योग र निर्माण क्षेत्रको विगत दश वर्षको वृद्धिदर क्रमश: २.५९ प्रतिशत र ४.७८ प्रतिशत रहेको छ । आ. व. २०८०/८१ को प्रारम्भिक तथ्याङ्क अनुसार उत्पादनमुलक उद्योगको कुल मूल्य अभिवृद्धिदर १.६० प्रतिशत ऋणात्मक र निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धिदर २.०७ प्रतिशत ऋणात्मक रहेको अवस्थामा औद्योगिक विकास मार्फत आर्थिक सम्बृद्धि हासिल गर्न चुनौतीपूर्ण कार्य रहेको छ ।

- वित्तीय स्रोतको अभावका बाबजुद प्रदेशभित्रको भौगोलिक विकटता र असमानतालाई समुचित रुपले सम्बोधन गर्दै दिगो, भरपर्दो, सर्वसुलभ, जनमैत्री, गुणस्तरीय र वातावरण अनुकूलित औद्योगिक क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गर्नु ।

- औद्योगिक क्षेत्रमा लगानीमैत्री वातावरण सिर्जना गरी वैदेशिक लगानीलाई आकर्षण गर्नका लागि आवश्यक आवश्यक नीतिगत, संस्थागत र प्रक्रियागत सुधारहरु गर्नु ।

- औद्योगिक क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु र उक्त क्षेत्रबाट रोजगारी एवम् स्वरोजगार सिर्जना गरी स्थानीय समुदायको आय आर्जन वृद्धि गर्नु ।

- सञ्चालनमा रहेका उद्योगहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक दक्ष जनशक्ति, कच्चा पदार्थ लगायत आधुनिक प्रविधिको सुनिश्चितता गर्नु ।
- प्रदेशमा उपलब्ध हुने स्थानीय स्रोत र साधनहरुमा आधारित उद्योगहरुको विकास र प्रवर्द्धनको लागि आवश्यक औद्योगिक कर्जालाई सरलीकृत गर्नु तथा अन्य नीतिगत व्यवस्थाहरुमा सहजिकरण गर्नु ।
- प्रदेशको अर्ध-दक्ष तथा दक्ष जनशक्ति भारत तथा तेस्रो मुलुकमा वैदेशिक रोजगारीमा जाने क्रम दिनानुदिन बढ्दै गइरहेको अवस्थामा स्वदेशी उद्योगहरुमा दक्ष जनशक्तिको अभाव हुन नदिनु ।
- कर्णाली प्रदेशमा सबैभन्दा कम अर्थात ५.३ प्रतिशत मात्र उद्योगहरु सञ्चानमा रहेको अवस्थामा प्रदेशका अधिकांश पहाडी तथा उच्च हिमाली जिल्लाहरुमा जडिबुटी तथा औषधिजन्य उत्पादनमा आधारित उद्योग, दैलेख जिल्लामा पेट्रोलियम खानीजन्य उद्योग र जाजरकोट जिल्लामा ग्रेनाईटको खानीजन्य उद्योग लगायत अन्य उद्योगहरु सञ्चालन गरी प्रदेशको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानलाई अभिवृद्धि गर्नु ।
- प्रदेशमा सञ्चालनमा रहेका उद्योगहरुमध्ये धेरैजसो उद्योगहरु पूर्णरुपमा सञ्चालन आउन नसकेको अवस्थामा उक्त उद्योगहरुलाई पूर्णरुपमा सञ्चालन गर्ने वातावरणको सिर्जना गरी औद्योगिक उत्पादनमा वृद्धि गर्नु । साथै, सञ्चालनमा रहेका उद्योगहरुबाट उत्पादित वस्तुहरुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्नु ।

### ख) औद्योगिक क्षेत्रको सम्भावना

- उद्योगको विकास र विस्तार गरी रोजगारीको अवसर वृद्धि गर्न सकिने सम्भावना रहेको ।
- कृषि, उद्योग र सेवा क्षेत्रको पूर्वाधार विकास भइनसकेको यस प्रदेशमा कृषि र सेवा क्षेत्रसँग सम्बन्धित उद्योगहरु (साना तथा मझौला समेत) सञ्चालन गर्न सकिने सम्भावना उच्च रहेको ।
- वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरुको सीप र दक्षतालाई परिचालन गर्न प्राविधिक तथा व्यवसायिक शिक्षा तालिम केन्द्र र प्राविधिक प्रशिक्षण प्रतिष्ठानको समन्वयमा दक्ष तथा प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने । आवश्यक भौतिक पूर्वाधार (बाटो, सञ्चार, विजुली) निर्माणको विस्तार भएमा उपलब्ध श्रम तथा औधोगिक कच्चा पदार्थ (जडीबुटी, अल्लो जस्ता) पर्याप्त मात्रामा उपलब्ध भएकोले उद्योगहरु स्थापनाको सम्भावना उच्च रहेको ।
- बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कर्जाको उपयोग गरी साना तथा मझौला उद्योगहरु (SMEs) को लागत कम गर्दै प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न सकिने सम्भावना रहेको ।
- उद्योगहरुलाई आवश्यक कामदार पूर्ति गर्न व्यवसायिक शिक्षा तालिम केन्द्र र प्राविधिक प्रशिक्षण प्रतिष्ठानको समन्वयमा युवा जनशक्तिको सीप र दक्षतालाई अभिवृद्धि गर्दै दक्ष तथा प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने ।

- यस प्रदेशमा उर्जामुलक, पर्यटन, खानीजन्य, कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र विस्तार गरी उच्च रोजगारी सिर्जना गर्न सकिने ।
- पूर्वाधार विकासमा सरकारको लगानी बढदै जानु, प्रदेशमा नै दक्ष जनशक्ती तयार हुनुका साथै युवाहरु उद्योहरुप्रति आकर्षित हुदै जानु जस्ता सम्भावना रहेका छन् ।

# परिच्छेद ५

# सेवा क्षेत्र

आर्थिक वर्ष २०८०/८१ को कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ६२.९० प्रतिशत रहने प्रारम्भिक अनुमान छ। सेवा क्षेत्रको योगदान गत आर्थिक वर्षको तुलनामा सिमान्त रुपमा बढेको देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ६०.७९ प्रतिशत रहने प्रारम्भिक अनुमान छ भने गत आर्थिक वर्ष २०७९/८० मा ६०.४५ प्रतिशत हुने संशोधित अनुमान रहेको छ।

## ५.१ पर्यटन

सन् २०२३ मा नेपालमा आउने पर्यटकको संख्यामा ६५.१० प्रतिशतले वृद्धि भई १०,१४,८८२ पुगेको छ। कर्णाली प्रदेशस्थित होटलहरूबाट नमूना छनौटमा परेका होटलहरूबाट प्राप्त तथ्याङ्कको आधारमा समग्र कर्णाली प्रदेशको होटल तथा पर्यटन व्यवसायको अवस्था विश्लेषण गरिएको छ (तालिका ५.१)।

- समीक्षा अवधिमा कर्णाली प्रदेशका होटलहरुको शैया संख्या गत अवधिको शैया संख्यामा ४.१३ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा होटल शैया संख्या १.१७ प्रतिशतले घटेको थियो।
- समीक्षा अवधिमा प्रदेशमा होटल व्यवसायले सिर्जना गरेको प्रत्यक्ष रोजगारीमा २.११ प्रतिशतले वृद्धि भएको देखिन्छ। गत अवधिमा सो व्यवसायले सिर्जना गरेको प्रत्यक्ष रोजगारीमा १३.१० प्रतिशतले वृद्धि भएको थियो।
- गत अवधिमा १२.४६ प्रतिशतले वृद्धि भएको भारतीय पर्यटक आगमनको संख्यामा समीक्षा अवधिमा २७.१८ प्रतिशतले वृद्धि भएको छ।
- गत अवधिमा ९.४५ प्रतिशतले वृद्धि भएको चिनियाँ पर्यटक आगमनको संख्यामा समीक्षा अवधिमा ६.१४ प्रतिशतले ह्रास आएको छ।
- यस प्रदेशमा समीक्षा अवधिमा तेस्रो मुलुकबाट आउने पर्यटकहरुको संख्यामा १.०५ प्रतिशतले घटेको देखिन्छ। गत अवधिमा यस्तो वृद्धिदर १६.३८ प्रतिशत रहेको थियो।
- समीक्षा अवधिमा यस प्रदेशमा समग्रमा पर्यटन आगमन संख्या गत अवधिको तुलनामा १८.६७ प्रतिशतले वृद्धि भएको देखिन्छ।
- समीक्षा अवधिमा यस प्रदेशमा औसत होटल अकुपेन्शी ३४.१० प्रतिशत रहेको छ भने गत अवधिमा यस्तो प्रतिशत ३३.० रहेको थियो।

यस प्रदेशमा पर्यटन विकासको प्रचुर सम्भावना हुँदाहुँदै पनि उचित प्रचारप्रसारको अभाव रहनुका साथै पर्यटकीय पूर्वाधारहरुको विकास हुन नसक्दा पर्यटन क्षेत्रमा आशातीत सुधार आउन सकेको छैन।

### तालिका ५.१: नमूना होटलहरुबाट संकलन गरिएका तथ्याङ्क स्थिति

| विवरण | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| होटल शैयाको संख्या | ३४३.० | ३३९.० | ३५३.० | -१.१७ | ४.१३ |
| प्रत्यक्ष रोजगारी संख्या | १६८.० | १९०.० | १९४.० | १३.१० | २.११ |
| **पर्यटक आगमन संख्या** | **२,२७४.०** | **२,४४३.०** | **२,८९९.०** | **७.४३** | **१८.६७** |
| भारत | ५९७.० | ६६७.० | ८४९.० | ११.७३ | २७.२९ |
| चीन | ४०२.० | ४४०.० | ४६७.० | ९.४५ | ६.१४ |
| तेस्रो मुलुक | १,२२७.० | १,४२१.० | १,४४३.० | १५.८१ | १.५५ |
| औसत होटल अकुपेन्शी प्रतिशत | २९.४० | ३३.० | ३४.१० | - | - |

*स्रोतः सम्बन्धित होटलहरु*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधीमा घरजग्गा रजिष्ट्रेशेन संख्या ६,९४० पुगेको छ। समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या १.९६ प्रतिशतले वृद्धि भई ५१९ पुगेको छ। गत अवधिमा त्यस्तो नक्सा पास संख्यामा २७.१८ प्रतिशतले कमी आएको थियो। त्यसैगरी, समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व गत अवधिको तुलनामा १०.३७ प्रतिशतले वृद्धि भई रु.११ करोड ८७ लाख संकलन भएको छ (तालिका ५.२)।

### तालिका ५.२: घरजग्गा कारोवार संख्या तथा राजस्वको स्थिति

| विवरण | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | १३,७३१ | ५,७४४ | ६,९४० | -५८.१७ | २०.८२ |
| घर/भवन स्थायी नक्सा पास संख्या | ६९९ | ५०९ | ५१९ | -२७.१८ | १.९६ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दशलाखमा) | १७६.६० | १०७.५७ | ११८.७२ | -३९.०९ | १०.३७ |

*स्रोतः अध्ययन क्षेत्रका मालपोत कार्यालय तथा नगरपालिका/गाउँपालिका कार्यालयहरु*

## ५.३ वित्तीय सेवा

समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका ४६६ शाखा रहेका छन् (तालिका ५.३)। गत अवधिमा यस प्रदेशमा जम्मा ४५९ वटा शाखा रहेका थिए। समीक्षा अवधिमा ७ शाखा बिस्तार भई शाखा संख्या ४६६ पुगेकोमा वाणिज्य बैंक (क वर्ग) का २०५ वटा, विकास बैंक (ख वर्ग) का २१ वटा, वित्त कम्पनी (ग वर्ग) का ३ वटा र लघु वित्त वित्तीय संस्था (घ वर्ग) का २३७ वटा रहेका छन्।

## तालिका ५.३: बैंक तथा वित्तीय संस्थाको जिल्लागत शाखा संख्या
(जिल्लागत)

| जिल्ला | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | जम्मा |
|---|---|---|---|---|---|
| दैलेख | २४ | १ | | ३१ | ५६ |
| डोल्पा | १३ | | | ४ | १७ |
| हुम्ला | ९ | १ | | ३ | १३ |
| जाजरकोट | १४ | १ | | १८ | ३३ |
| जुम्ला | २३ | १ | | १५ | ३९ |
| कालिकोट | १६ | | | १२ | २८ |
| मुगु | ८ | | | ५ | १३ |
| रुकुम पश्चिम | २१ | २ | १ | २९ | ५३ |
| सल्यान | २५ | ५ | १ | ४५ | ७६ |
| सुर्खेत | ५२ | १० | १ | ७५ | १३८ |
| **जम्मा** | **२०५** | **२१** | **३** | **२३७** | **४६६** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

### क) वित्तीय पहुँचको अवस्था

### अ) शाखारहित बैंङ्डिङ, ए.टि.एम., मोबाईल तथा इन्टरनेट बैङ्डिङ

समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार कर्णाली प्रदेशमा ३० वटा शाखारहित बैकिङ्ग सेवा रहेका छन् । यस्तो सेवा प्रवाहमा सुर्खेत जिल्ला सबैभन्दा अगाडि रहेको छ । जहाँ १२ वटा शाखारहित बैकिङ्ग सेवा रहेको देखिन्छ । दैलेखमा ३ वटा, सल्यानमा ५ वटा तथा कालिकोटमा ४ वटा शाखारहित बैङ्डिङ सेवा रहेका छन् । त्यस्तै, हुम्ला र मुगुमा समान २/२ वटा तथा रुकुम पश्चिम र जाजरकोटमा १/१ वटा शाखारहित बैङ्डिङ सेवा रहेको देखिन्छ । बाँकी दुई जिल्लाहरु डोल्पा र जुम्लामा भने यस्तो सेवा प्रवाह सुरु भएको छैन (तालिका ५.४) । समीक्षा अवधिमा कर्णाली प्रदेशमा १०२ वटा ए.टि.एम सञ्चालनमा रहेका छन् । समीक्षा अवधिमा हुम्ला र मुगुमा समान २/२ वटा ए.टि.एम. रहेका छन् । समीक्षा अवधिमसम्म कर्णाली प्रदेशमा मोबाईल बैङ्डिङ रजिस्टर गर्ने ग्राहकको संख्या ७,३१,७२३ पुगेको छ । जसमध्ये सबैभन्दा बढी सुर्खेतमा २,९२,३५५ र सबैभन्दा कम डोल्पा जिल्लामा १७,०५८ रहेको छ । त्यसैगरी, इन्टरनेट बैङ्डिङ रजिस्टर गर्ने ग्राहकको संख्या १६,८३३ पुगेका छन् । सबैभन्दा बढी सुर्खेत जिल्लामा ११,३१८ र सबैभन्दा कम मुगु १२० जिल्लामा रजिस्टर गरेका छन् ।

### तालिका ५.४: बैंक तथा वित्तीय संस्थाको शाखा रहित बैंकिङ्ग, ए.टि.एम., मोबाईल तथा इन्टरनेट बैंकिङ्ग संख्या
(जिल्लागत)

| प्रकार | शाखा रहित बैंकिङ संख्या | ए.टि.एम. तथा बुथ संख्या | No. of Registered Mobile Banking (A,B,C) | No. of Registered Internet Banking (A,B,C) |
|---|---|---|---|---|
| डोल्पा | – | – | १७,०५८ | ५१५ |
| मुगु | २ | २ | १९,९८९ | १२० |
| हुम्ला | २ | २ | १९,६९३ | ६५५ |
| जुम्ला | – | ११ | ५५,१३९ | ४७१ |
| कालिकोट | ४ | ५ | ३९,४७५ | २०८ |
| दैलेख | ३ | ९ | ७२,७१३ | ९०८ |
| जाजरकोट | १ | ७ | ४१,८९८ | ६२८ |
| रुकुम (पश्चिम) | १ | १३ | ७५,६२७ | ४८० |
| सल्यान | ५ | १३ | ९७,७७६ | १,५३० |
| सुर्खेत | १२ | ४० | २९२,३५५ | ११,३१८ |
| **जम्मा** | **३०** | **१०२** | **७,३१,७२३** | **१६,८३३** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

### आ) डिजिटल भुक्तानी ग्राहकको संख्या

समीक्षा अवधिमा यस प्रदेशमा डिजटल भुक्तानी ग्राहकको संख्या ८,८३,८३७ पुगेको छ । क्रेडिट कार्ड, डेबिड कार्ड, मोबाईल बैङ्किङ, अनलाईन बैङ्किङ, पिओएस, प्रिपेड कार्ड र क्युआर मर्चेन्टका कुल क्रमशः ३,२६५ संख्या, २,५८,०४३ संख्या, ५,९८,०४३ संख्या, ५,९२,४३६ संख्या, १४,४७८ संख्या, २४० संख्या, ३३० संख्या, १५,०४५ संख्या, ८,८३,८३७ संख्या पुगेको छ (तालिका ५.५) ।

### तालिका ५. ५: डिजिटल भुक्तानी ग्राहकको संख्या
(जिल्लागत)

| जिल्ला | Credit card | Debit card | Mobile banking users | Online banking users | POS | Prepaid card | QR Merchant | कुल |
|---|---|---|---|---|---|---|---|---|
| दैलेख | २२५ | २०,८८६ | ६३,७५२ | ८९० | ६ | १३ | १,६३२ | **८७,४०४** |
| डोल्पा | ४८ | ४,६०५ | ११,०२५ | १६० | ७ | ३ | २०९ | **१६,०५७** |
| हुम्ला | ३० | ६,६२७ | १२,२७८ | ५५८ | ० | ० | ९८३ | **२०,४७६** |
| जाजरकोट | ६९ | १६,०६३ | ३२,५०२ | ४०० | १ | ९ | ९८८ | **५०,०३२** |
| जुम्ला | १५७ | २५,१३० | ४२,७०१ | २९२ | ११ | ७ | ९०० | **६९,१९८** |


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कालिकोट | २९ | १२,३९६ | ३८,९०९ | २३१ | ४ | ० | ८४७ | **५२,४१६** |
| मुगु | २९ | ६,८०६ | १८,१६७ | ९१ | २ | ० | ५८१ | **२५,६७६** |
| रुकुम पश्चिम | २०९ | २५,१३३ | ६५,९१६ | ४०४ | ८ | २५ | १,१०५ | **९२,८००** |
| सल्यान | २४४ | २०,५७५ | ८१,४६५ | १,४९० | १७ | १३ | १,६२१ | **१०५,४२५** |
| सुर्खेत | २,२२५ | ११९,८२२ | २२५,७२१ | ९,९६२ | १८४ | २६० | ६,१७९ | **३६४,३५३** |
| **कुल** | **३,२६५** | **२५८,०४३** | **५९२,४३६** | **१४,४७८** | **२४०** | **३३०** | **१५,०४५** | **८,८३,८३७** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ख) निक्षेप तथा कर्जाको स्थिति

समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेप, गत अवधिको तुलनामा ५.४२ प्रतिशतले वृद्धि भई रु.६५ अर्ब ९८ करोड ४७ लाख पुगेको छ (रेखाचित्र ५.१) । गत अवधिमा यस्तो निक्षेप २७.३० प्रतिशतले वृद्धि भई रु.६२ अर्ब ५९ करोड २४ लाख पुगेको थियो । समीक्षा अवधिमा कर्णाली प्रदेशमा बढेको रेमिट्यान्स आप्रवाह, बैङ्किङ सेवामा आएको विस्तार तथा सर्वसाधारणको बचत गर्ने बानीमा आएको विकासले कुल निक्षेपमा वृद्धि भएको देखिन्छ ।

**रेखाचित्र ५.१: कर्णाली प्रदेशको निक्षेप तथा कर्जाको स्थिति**
**(रु.दश लाख)**





*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा अवधिमा कर्णाली प्रदेशमा प्रवाह भएको कुल कर्जा २०.५० प्रतिशतले कमी आई रु.४७ अर्ब ३० करोड ५७ लाख कायम भएको छ । गत अवधिमा यस्तो कर्जा ६.७२ प्रतिशतले बढेर रु.५९ अर्ब ५० करोड १३ लाख पुगेको

थियो । त्यस्तै, समीक्षा अवधिमा यस प्रदेशको कर्जा तथा निक्षेप अनुपात ७१.६९ प्रतिशत रहेको छ । उक्त अनुपात गत अवधिमा ९५.०६ प्रतिशत रहेको थियो (रेखाचित्र ५.२) ।


### रेखाचित्र ५.२: कर्णाली प्रदेशको कर्जा निक्षेप अनुपात
**(प्रतिशत)**




*स्रोतः नेपाल राष्ट्र बैंक*

नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार समीक्षा अवधिमा कर्णाली प्रदेशमा संकलित निक्षेप तथा प्रवाहित कर्जाको विश्लेषण गर्दा सुर्खेत जिल्ला सबैभन्दा अगाडि देखिन्छ (रेखाचित्र ५.३) । यस जिल्लामा समीक्षा अवधिमा रु.३० अर्ब ६१ करोड ५४ लाख निक्षेप संकलन भएको छ भने, सोही अवधिमा रु.२७ अर्ब २३ करोड ४४ लाख कर्जा प्रवाहित भएको छ । त्यस्तै सबैभन्दा कम निक्षेप संकलन डोल्पा जिल्लामा रु.५० करोड ९३ लाख भएको छ भने मुगु जिल्लामा सबैभन्दा कम रु.२ अर्ब ८ लाख कर्जा प्रवाह भएको छ ।

### रेखाचित्र ५.३ : निक्षेप तथा कर्जाको जिल्लागत स्थिति
(रु.दश लाख)





*स्रोत: नेपाल राष्ट्र बैंक*

### ग) अन्य वित्तीय विवरण

समीक्षा अवधिमा कर्णाली प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुद्वारा संकलित कुल निक्षेपमध्ये बचत निक्षेपको अंश सबैभन्दा धेरै ५१.१६ प्रतिशत रहेको छ (रेखाचित्र ५.४)। त्यसैगरी मुद्दती, चल्ती र अन्य निक्षेपले क्रमशः २९.९६ प्रतिशत, १४.३३ प्रतिशत र ४.५५ प्रतिशत हिस्सा ओगटेका छन्।

### रेखाचित्र ५.४: कुल निक्षेपको संरचना
(प्रतिशत)




*स्रोत: नेपाल राष्ट्र बैंक*


समीक्षा अवधीमा यस प्रदेशमा निक्षेपखाताको संख्या १६.९० प्रतिशतले वृद्धि भई २०,९३,८७३ पुगेको छ। गत अवधिमा यस्तो संख्या २१.४६ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा अवधिमा ऋणी खाताहरुको संख्यामा २४.६५ प्रतिशतले ह्रास आई ३७,३९४ कायम भएको छ भने गत अवधिमा यो संख्या ७.६४ प्रतिशतले वृद्धि भई ४९,६२८ पुगेको थियो ।

### घ) विपन्न वर्ग कर्जा, सहुलियतपूर्ण कर्जा र पुनरकर्जा

समीक्षा अवधिमा कर्णाली प्रदेशमा प्रवाह भएको विपन्नवर्ग कर्जा गत अवधिको तुलनामा १२.२३ प्रतिशतले ह्रास आई रु.४ अर्ब ३० करोड ३९ लाख कायम भएको छ। गत अवधिमा सो कर्जा २३.६० प्रतिशतले ह्रास आई रु.४ अर्ब ९० करोड ३४ लाख कायम भएको थियो। समीक्षा अवधिमा कर्णाली प्रदेशमा रु.३ अर्ब २४ करोड ७८ लाख सहुलियतपूर्ण कर्जा प्रवाह भएको छ, जुन गत अवधिको तुलनामा १२.३० प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी समिक्षा अवधिमा यस प्रदेशमा पुनरकर्जा गत अवधिको तुलनामा ९९.४२ प्रतिशतले कमी आई रु. १ करोड ३९ लाख मात्र प्रवाह भएको छ (रेखाचित्र ५.५) ।

**रेखाचित्र ५.५: सहुलियतपूर्ण कर्जा, विपन्नवर्ग कर्जा, र पुनरकर्जाको विवरण**
**(रु. लाख)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

### ङ) फण्ड ट्रान्सफर

यस प्रदेशका प्रत्येक जिल्लाहरुमा एक-एक वटा गरी जम्मा १० वटा नोटकोषहरु रहेका छन् (तालिका ५.६)। समीक्षा अवधिमा यस प्रदेशका सबै नोट कोषहरुमा गरी जम्मा रु.२ अर्ब २७ करोड ३० लाख फण्ड ट्रान्सफर भएको छ। यस्तो रकम गत अवधिमा भएको फण्ड ट्रान्सफरको तुलनामा १९.७० प्रतिशतले कमी हो ।

### तालिका ५. ६: कर्णाली प्रदेशमा फण्ड ट्रान्सफरको अवस्था

(रु. करोडमा)

| जिल्ला/आ.व. | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डोल्पा | ०.० | ०.० | ० |
| हुम्ला | ०.० | ०.० | ० |
| जुम्ला | ४०.० | ०.० | -१००.० |
| मुगु | ०.० | ०.० | ० |
| जाजरकोट | ३०.० | ०.० | -१००.० |
| कालिकोट | २५.० | २.३ | -९१.० |
| दैलेख | ६५.० | ६५.० | ०.० |
| सल्यान | ६३.० | ७०.० | ११.१ |
| रुकुम (पश्चिम) | ३०.० | ०.० | -१००.० |
| सुर्खेत | ३०.० | ९०.० | २००.० |
| **जम्मा** | **२८३** | **२२७.३** | -१९.७ |

*स्रोतः नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय*

त्यसैगरी समीक्षा अवधिमा सबैभन्दा बढी सुर्खेत जिल्लामा रु.९० करोड फण्ड ट्रान्सफर भएको छ । सुर्खेत पछि बढी फण्ड ट्रान्सफर भएका जिल्लाहरु क्रमशः सल्यान, दैलेख र कालिकोट रहेको छ भने बाँकी जिल्लाहरु क्रमशः डोल्पा, हुम्ला, जुम्ला, मुगु, जाजरकोट र रुकुम पश्चिममा समीक्षा अवधिमा फण्ड ट्रान्सफर भएको छैन ।

## ५.४ यातायात तथा संचार

समीक्षा अवधिमा यस प्रदेशमा दर्ता भएका सवारी साधनको संख्यामा २३.८२ प्रतिशतले कमी आई १,४०१ कायम भएको छ (तालिका ५.७) । गत अवधिमा सो संख्या ३८.१० प्रतिशतले कमी आई १,८३९ रहेको थियो ।

### तालिका ५. ७: यातायातका साधनको संख्या

| विवरण/आ.व. | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) |
|---|---|---|---|
| यातायातका साधनको कुल संख्या | २,९७१ | १,८३९ | १,४०१ |
| मोटरसाईकल | २,५२७ | १,२९९ | १,१८१ |
| अन्य | ४४४ | ५४० | २२० |

*स्रोतः यातायात व्यवस्था कार्यालय, सुर्खेत*

समीक्षा अवधिमा मोटरसाईकलको संख्यामा ९.०८ प्रतिशतले कमी आई १,१८१ कायम भएको छ भने अन्य सवारी साधनको संख्यामा ५९.८६ प्रतिशतले कमी आई २२० कायम भएको छ ।

समीक्षा अवधिमा यस प्रदेशमा नेपाल टेलिकमबाट वितरित टेलिफोनको संख्या ३४.४१ प्रतिशतले कमी आई ७ लाख २५ हजार ८ सय वितरण गरिएको छ। गत अवधिमा कर्णाली प्रदेशभित्र जम्मा ११ लाख ६ हजार ६ सय ३५ टेलिफोन वितरण गरिएको छ।

## ५.५ शिक्षा तथा स्वास्थ्य

आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्ममा यस प्रदेशमा सरकारी/सामुदायिक विद्यालयको संख्या २,५८१, विद्यार्थी संख्या ४,४२,२४० र शिक्षक संख्या १२,८७३ रहेको छ। समीक्षा अवधिमा सरकारी तथा सामुदायिक क्षेत्रका विद्यालयमा विद्यार्थी संख्यामा ३.१८ प्रतिशतले वृद्धि भएको छ भने गत अवधिमा यस्तो संख्या १.७१ प्रतिशतले वृद्धि भएको थियो (तालिका ५.८)।

### तालिका ५. ८: सरकारी/सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षक संख्याको अवस्था

| **विवरण/आ.व.** | **२०७८/७९ (साउन-पुस)** | **२०७९/८० (साउन-पुस)** | **२०८०/८१ (साउन-पुस)** |
|---|---|---|---|
| विद्यालय संख्या | ३,०१२ | २,९८५ | २,५८१ |
| विद्यार्थी संख्या | ४,२१,४१७ | ४,२८,६०५ | ४,४२,२४० |
| शिक्षक संख्या | ११,१५८ | ११,२८२ | १२,८७३ |

*स्रोत: शिक्षा सेवा निर्देशनालय र जिल्लास्थित शिक्षा सेवा कार्यालयहरु*

समीक्षा अवधिमा संस्थागत/निजी विद्यालयको संख्या, विद्यार्थीको संख्या र शिक्षकको संख्या क्रमशः ३१.० प्रतिशत, २६.२० प्रतिशत र ९.८७ प्रतिशतले घटेको छ (तालिका ५.९)।

### तालिका ५. ९: निजी विद्यालयमा विद्यार्थी र शिक्षक संख्याको अवस्था

| **विवरण/आ.व.** | **२०७८/७९ (साउन-पुस)** | **२०७९/८० (साउन-पुस)** | **२०८०/८१ (साउन-पुस)** |
|---|---|---|---|
| विद्यालय संख्या | २४३ | २७१ | १८७ |
| विद्यार्थी संख्या | २२,१२४ | २६,१६३ | १९,३०९ |
| शिक्षक संख्या | ९८१ | १,०२३ | ९२२ |

*स्रोत: शिक्षा सेवा निर्देशनालय र जिल्लास्थित शिक्षा सेवा कार्यालयहरु*

समीक्षा अवधिमा यस प्रदेशमा प्राविधिक शिक्षालयको संख्या, विद्यार्थीको संख्या र शिक्षकहरुको संख्या क्रमशः ६९, १,३९५ र ३५७ रहेको छ। गत अवधिमा प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीहरुको संख्या १,६०२ रहेको थियो।

समीक्षा अवधिमा यस प्रदेशमा रहेका सरकारी/सामुदायिक अस्पतालको संख्या, चिकित्सक संख्या र अस्पतालहरुमा रहेका शैयाहरुको संख्यामा क्रमशः १६.० प्रतिशत, १६.१४ प्रतिशत र १५.५५ प्रतिशतले वृद्धि भई २९ वटा अस्पताल २५९ जना चिकित्सक संख्या र १,०४८ वटा शैयाहरु रहेका छन् । गत अवधिमा यस्तो संख्या ८.७० प्रतिशत, १६.१५ प्रतिशत र १५.५५ प्रतिशतले वृद्धि भएको थियो ।

### तालिका ५. १०: सरकारी/सामुदायिक अस्पतालको जिल्लागत स्थिति

(संख्या)

| विवरण/आ.व. | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) |
|---|---|---|---|
| रुकुम पश्चिम | ५ | ५ | ५ |
| सल्यान | २ | २ | २ |
| डोल्पा | १ | १ | १ |
| जुम्ला | १ | १ | १ |
| मुगु | २ | २ | २ |
| हुम्ला | १ | १ | २ |
| कालिकोट | ६ | ६ | ७ |
| जाजरकोट | १ | २ | ४ |
| दैलेख | २ | २ | २ |
| सुर्खेत | २ | ३ | ३ |
| **कर्णाली प्रदेश** | **२३** | **२५** | **२९** |

*स्रोत: स्वास्थ्य सेवा निर्देशनालय, कणाली प्रदेश र निजि अस्पताल*


यस प्रदेशका १० जिल्लाहरुमध्ये कालिकोटमा सबैभन्दा धेरै ७, रुकुम पश्चिममा ५, जाजरकोटमा ४, सुर्खेतमा ३ वटा सरकारी/सामुदायिक अस्पताल रहेका छन् । सल्यान, मुगु, हुम्ला र दैलेखमा समान २/२ वटा र बाँकी डोल्पा, हुम्ला र जुम्ला जिल्लामा १/१ वटा सरकारी/सामुदायिक अस्पतालहरु सञ्चालनमा रहेका छन् (तालिका ५.१०) । समीक्षा अवधिमा यस प्रदेशमा निजी अस्पतालको संख्या १३ रहेको छ ।

## ५.६ सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८३.४६ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ । समीक्षा अवधिमा, सेवा क्षेत्रमा प्रवाहित कर्जामा १८.९८ प्रतिशतले कमी आई रु.३९ अर्ब ४८ करोड १८ लाख कायम भएको छ भने गत अवधिमा यस्तो कर्जा ११.३५ प्रतिशतले वृद्धि भएको थियो ।

### रेखाचित्र ५.६: कर्णाली प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा

(रु. लाख)




*स्रोत: नेपाल राष्ट्र बैंक*

गत अवधिमा रु.१८ अर्ब २५ करोड ७० लाख रहेको उपभोग्य कर्जा समीक्षा अवधिमा १४.५३ प्रतिशतले कमी आई रु.१५ अर्ब ६० करोड ३५ लाख कायम भएको छ। समीक्षा अवधिमा यस्तो कर्जाको हिस्सा सेवा क्षेत्रमा सबैभन्दा बढी ३९.५२ प्रतिशत रहेको छ। सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा कम रु.५ करोड ३ लाख वित्त, बिमा तथा अचल सम्पत्ति शीर्षकमा प्रवाह भएको छ जसको हिस्सा ०.१३ प्रतिशत रहेको छ (रेखाचित्र ५.७)।

### रेखाचित्र ५.७: क्षेत्रगत सेवा कर्जा

(रु. लाख)




*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा अवधिमा कर्णाली प्रदेशमा प्रवाह भएको सेवा क्षेत्र कर्जामध्ये सबैभन्दा धेरै सुर्खेत जिल्लामा रु.२६ अर्ब १५ करोड ४२ लाख छ भने सबैभन्दा कम हुम्ला जिल्लामा रु.१८ करोड ८३ लाख प्रवाह भएको छ (तालिका ५.११)।

### तालिका ५. ११: जिल्लागत सेवा क्षेत्र कर्जा

(रु. दश लाख)


| जिल्ला/आ.व | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | गत वर्षको परिवर्तन (प्रतिशत) | समीक्षा वर्षको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | ३८६.०१ | ३९९.७८ | ३४७.५५ | ३.५७ | – १३.०६ |
| मुगु | ७३५.६१ | ८१४.०३ | ४८८.७७ | १०.६६ | – ३९.९६ |
| हुम्ला | २७३.४० | ३७०.४८ | १८८.३९ | ३५.५१ | – ४९.१५ |
| जुम्ला | २,१५६.३६ | २,६२०.९९ | २,२६७.०० | २१.५५ | – १३.५१ |
| कालीकोट | १,०६८.७८ | १,१८५.५२ | ९५८.११ | १०.९२ | – १९.१८ |
| दैलेख | ४,७८१.५० | ३,२९०.२१ | २,१५२.३८ | – ३१.१९ | – ३४.५८ |
| जाजरकोट | २,७३१.९८ | १,३६९.६१ | १,२७४.९८ | – ४९.८७ | – ६.९१ |
| रुकुम पश्चिम | ३,०४५.३९ | ३,४९९.७१ | ३,३२३.२८ | १४.९२ | – ५.०४ |
| सल्यान | ३,१७७.८२ | ४,८४६.७९ | २,३२७.०७ | ५२.५२ | – ५१.९९ |
| सुर्खेत | २६,८७६.८० | ३०,३३५.८२ | २६,१५४.२३ | १२.८७ | – १३.७८ |
| **कर्णाली प्रदेश** | **४५,२३३.६६** | **४८,७३२.९४** | **३९,४८१.७६** | **७.७४** | **– १८.९८** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

## ५.७ सहकारी क्षेत्र

समीक्षा अवधिमा नमुना छनौट परेका सहकारीहरुबाट तथ्याङ्क संकलन गरी यस प्रदेशको समग्र सहकारी क्षेत्रको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ। समीक्षा अवधिमा कर्णाली प्रदेशमा सहकारी संस्थाहरुको कुल पुँजीमा ९.१४ प्रतिशतले कमी आएको छ। यसरी सहकारी संस्थाहरुको कुल पुँजी घट्नुको कारणका रुपमा पछिल्लो समयमा सहकारी क्षेत्रमा देखिएका जालसाजी, रकमको हिनामिना तथा अन्य विविध जालसाजी जन्य क्रियाकलापहरुले सहकारी क्षेत्रप्रति लगानीकर्ताहरुको विश्वास समेत गुम्दै जानुलाई लिन सकिन्छ। अघिल्लो अवधिमा यस्तो पुँजी ४.९१ प्रतिशतले वृद्धि भएको थियो। त्यस्तै, आर्थिक वर्ष २०७९/८० को पुस मसान्तसम्म सहकारी संस्थाहरुको कुल बचत ७.११ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्म १३.१९ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा बचत बढनुमा यस प्रदेशमा सहकारी संस्थाहरु ग्रामिण क्षेत्रमा अवस्थित तथा उत्पादनसँग जोडिनु रहेको छ।

### रेखाचित्र ५.८: बचत तथा ऋण सहकारी संस्थाको अवस्था
(रकम रु.)




*स्रोत: नमुना छनौटमा परेका सहकारी संस्थाहरु*

समीक्षा अवधिमा कर्णाली प्रदेशमा सहकारी संस्थाहरुको कुल ऋण प्रवाहमा ०.६५ प्रतिशतले घटेको छ । गत अवधिमा त्यस्तो ऋण प्रवाह १.८१ प्रतिशतले वृद्धि भएको थियो । गत अवधिमा २२१.५९ प्रतिशतले बढेको सदस्य संख्या समीक्षा अवधिमा ६२.७१ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा सहकारी संस्थाले सिर्जना गरेको रोजगारीमा ०.३० प्रतिशतले घटेको छ । त्यस्तै, गत अवधिमा ३.३३ प्रतिशतले बढेको सहकारी संस्थाको शाखा संख्या समीक्षा अवधिमा ६.४५ प्रतिशतले वृद्धि भएको छ ।

## ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

### क) सेवा क्षेत्रको चुनौती

- हिमाली क्षेत्रका विद्यालयहरुमा हिउँदको समयमा पठनपाठन असहज हुने हुँदा हिमाली क्षेत्रका जिल्लाहरुमा निर्माणाधीन आवासीय विद्यालयहरुको पूर्वाधार विकास गर्नु साथै प्रदेशभित्र दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्न सबैलाई शिक्षाको अवसर दिलाउन पनि चुनौतीपूर्ण कार्य रहेको छ ।
- कर्णाली प्रदेशका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् पर्यटकीय स्थलको संरक्षण र सम्बर्द्धन गर्नु साथै कर्णाली प्रदेशलाई प्रकृतिमैत्री आकर्षक पर्यटन गन्तव्यस्थलको रुपमा विकास गर्नु पनि चुनौतीको रुपमा रहेको छ ।
- भौगोलिक विकटताका बावजुद यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, सडक, विद्युत लगायतका पूर्वाधारहरुको तिब्र विकास गर्नु ।

- पर्यटन व्यवसायको प्रचुर सम्भावना बोकेको यस प्रदेशमा सहज रुपमा हवाई तथा सडक यातायात लगायतका पर्यटन पूर्वाधारहरुको विकास र विस्तार मार्फत आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षण गर्नु ।
- बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति विस्तार गरी वित्तीय साक्षरता र वित्तीय समावेशीकरण अभिवृद्धि गर्दै वित्तीय क्षेत्रको योगदान बढाउनु ।
- पर्याप्त स्वास्थ्य पूर्वाधारहरुको अभाव र दक्ष स्वास्थ्यकर्मीहरुको न्यून उपलब्धताका बीच गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु ।
- पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको विकास गर्दै पर्यटन क्षेत्रका लागि आवश्यक दक्ष जनशक्तिको विकास मार्फत पर्यटन क्षेत्रको योगदान बढाउँदै जानु ।
- प्रदेशको भौगोलिक विकटताका कारण आवश्यक शिक्षण संस्थाहरु र तालिम प्राप्त अनुभवी शिक्षकहरुको अभाव रहेकोले आवश्यक शिक्षण संस्थाहरुको स्थापना तथा अनुभवि शिक्षकहरुलाई विभिन्न प्रोत्साहन मार्फत आकर्षण गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
- घर/भवन स्थायी नक्सा पास प्रक्रियालाई सरलीकरण गरि सरकारको राजस्व वृद्धि गर्नु ।

**ख) सेवा क्षेत्रको सम्भावना**

- पर्यटन व्यवसायको प्रचुर सम्भावना बोकेको यस प्रदेशमा धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्वका पर्यटकीय स्थलको पहिचान, संरक्षण र सम्बर्द्धन गर्नमा तिनै तहका सरकारी निकायहरुको ध्यानाकर्षण हुनु साथै उक्त विषयलाई उच्च प्राथमिकतका साथ नीति तथा कार्यविधिमा सम्बोधन गरिनुले पर्यटकीय पूर्वाधारहरुको तीव्रतर विकास गरी कर्णाली प्रदेशको अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान वृद्धि गर्दै समग्र कर्णालीबासीको जीवनस्तरमा सकारात्मक परिवर्तन गर्न सकिने उच्च सम्भावना रहेको छ ।
- यस प्रदेशमा रारा, शे-फोक्सुण्डो, कुपिण्डे, स्यार्पु, पचाल झरना, बुलबुले ताल, काँक्रेविहार, सिँजा सभ्यता र पञ्चकोशी लगायतका प्राकृतिक, सांस्कृतिक तथा धार्मीक महत्व बोकेका पर्यटकीय क्षेत्रहरु रहेकोले पर्यटन पूर्वाधारहरुको विकास र बिस्तार गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षण गर्न सकिने उच्च सम्भावना रहेको ।
- यस प्रदेशको हिमाली तथा उच्च पहाडी जिल्लाहरुमा इन्टरनेटको न्यून पहुँच भएको अवस्थामा इन्टरनेटको विस्तारको उच्च सम्भावना रहेको छ। त्यस्तै, सुर्खेत विमानस्थललाई स्तरोन्नती गरी प्रदेश अन्तर्गतका जिल्लाहरु डोल्पा, मुगु, हुम्ला, जुम्ला तथा रुकुम पश्चिममा यात्रुवाहक हवाई सेवा नियमितरुपमा सञ्चालन गर्न सकेमा यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रको प्रचार-प्रसार भई आय तथा रोजगारी बढ्ने सम्भावना रहेको ।
- बैंक तथा वित्तीय संस्थाहरुमा सर्वसाधारणको पहुँच र वित्तीय साक्षरतामा आएको सुधारले घरेलु, साना तथा मझौला उद्योगहरुको विकास हुने क्रम बढ्दो रहेकोले सो क्षेत्रमा कर्जा बिस्तारको सम्भावना उच्च रहेको ।

# परिच्छेद ६

# पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्ममा प्रदेशभर कालोपत्रे, ग्राभेल, कच्ची सडक गरी कुल ३,०७२.६२ किलोमिटर सडक रहेको छ । आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म कालोपत्रे ६.३८ किलोमिटर, ग्राभेल ६४.८५ किलोमिटर र कच्ची १२०.०८ किलोमिटर सडक प्रदेश सरकार मार्फत निर्माण भएको छ (तालिका ६.१) । भौगलिक विकटताको कारणले कर्णाली प्रदेशमा सडक सञ्जाल देशको अन्य प्रदेशको भन्दा कम रहेको छ । हुम्ला बाहेक नौ वटा जिल्ला राष्ट्रिय सडक सञ्जालमा जोडिएका छन् । मोटरबाटो पुगेको वडा संख्या ६१९ र स्थानीय तहको केन्द्रसम्म सडक संञ्जाल जोडिएको स्थानीय तहको संख्या ७९ रहेको छ । कर्णाली प्रदेशमा सुर्खेत, जुम्ला, हुम्ला, मुगु, डोल्पा, रुकुम पश्चिम र कालिकोट गरी ७ जिल्लामा ८ वटा विमानस्थल सञ्चालनमा छन् ।

### तालिका ६.१: कर्णाली प्रदेश सरकारबाट निर्माण भएको सडक सम्बन्धी विवरण

(किलोमिटर)

| विवरण/आ.व. | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ फागुनसम्म | जम्मा |
|---|---|---|---|---|---|---|
| कालोपत्रे | ३.०० | ३०.०२ | १५.९० | ३०.०३ | ६.३८ | ८५.३३ |
| ग्राभेल | १९.१० | १६५.६० | ११३.१५ | १२०.३१ | ६४.८५ | ४८३.०१ |
| कच्ची | २७३.१० | ८९८.८७ | ५८९.१२ | ६२३.११ | १२०.०८ | २५०४.२८ |
| **जम्मा** | **२९५.२०** | **१०९४.४९** | **७१८.१७** | **७७३.४५** | **१९१.३१** | **३,०७२.६२** |

*स्रोत: भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सुर्खेत २०८०*

आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्ममा कर्णाली प्रदेश सरकार मार्फत निर्माण सम्पन्न भएका झोलुङ्गे पुलको संख्या ५९ रहेको छ भने चालु आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म १७ वटा झोलुङ्गे पुल निर्माण भएको छन् (तालिका ६.२) ।

### तालिका ६.२: कर्णाली प्रदेश सरकारबाट निर्माण भएको पुल सम्बन्धी विवरण

(संख्या)

| विवरण/आ.व. | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ फागुनसम्म | जम्मा |
|---|---|---|---|---|---|---|
| मोटरवल पुल | ० | ० | ० | ० | ० | ० |
| झोलुङ्गे पुल | २ | ११ | ९ | २० | १७ | ५९ |

*स्रोत: भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सुर्खेत २०८०*

## ६.२ प्रदेशका ठूला आयोजनाहरुको स्थिति

### ६.२.१ पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना

नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागको आ.व. २०७९/८० को वार्षिक प्रगति प्रतिवेदन अनुसार, यस योजना कार्यालय अन्तर्गत रुकुम पुर्व, रुकुम पश्चिम, जाजरकोट, दैलेख, अछाम, डोटी, डडेलधुरा र बैतडी गरी ८ वटा जिल्लाहरु कार्यक्षेत्रको रुपमा रहेको छ । कार्यक्षेत्र भित्रको कुल लम्बाई ६५३ कि.मि रहेकामा योजनाले हेर्ने कुल सडक लम्बाई ३९१ कि.मि.पर्दछ । पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, दैलेखबाट प्राप्त विवरण अनुसार, समीक्षा अवधि सम्म ठेक्का सम्झौता भएका यस योजना कार्यालय अन्तर्गत रुकुम पुर्व, रुकुम पश्चिम, जाजरकोट, दैलेख र अछाम गरी ५ वटा जिल्लाहरु कार्यक्षेत्रको रुपमा रहेको छ । कार्यक्षेत्र भित्रको कुल लम्बाई ४०२ कि.मि रहेकोमा योजना कार्यालयले हेर्ने कुल सडक लम्बाई ३३२ कि.मि. रहेको छ । कर्णाली प्रदेशका ३ जिल्लाहरु रुकुम पश्चिम, जाजरकोट र दैलेखलाई समेटेको यस सडक मार्गको करिब २६८ कि.मि. सडक खण्ड यस प्रदेश भित्र पर्दछ ।

योजनाको प्रमुख कार्यहरुमा सडक चौडा तथा कालोपत्रे गर्ने र पुल निर्माण कार्य पर्दछ । समीक्षा अवधि सम्ममा भएका प्रमुख क्रियाकालपहरुमा ३२० कि.मि. सडक कालोपत्रे, ६५.५ कि.मि.ग्राभेल तथा १,६३४ कि.मि.Earthen सम्पन्न भएको छ भने २४ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ । त्यसैगरी भेरी नदि पुलमा तोडिएको ठेक्का पुनः आवह्ननको प्रकृयामा रहेको छ । हलसम्मको भौतिक प्रगति ८२.० प्रतिशत तथा वित्तीय प्रगति पनि ८२.० प्रतिशत रहेको छ । यस योजना कार्यालयको आ.व. २०७५/७६ देखि समीक्षा अवधि सम्म कुल बजेट र खर्च रकम क्रमशः रु.६७ करोड र रु.३२ करोड ६५ लाख रहेको छ । सडक विस्तारको क्रममा सडकमा पर्न जाने घर/टहराको क्षतिपुर्ति तथा जग्गाहरुको मुआब्जा सम्बन्धी विवाद प्रमुख समस्याको रुपमा देखापरेकोमा विभिन्न घर धनी तथा जग्गाधनीहरुसँग समन्वय गरी विवाद टुङ्ग्याउने प्रयास गरी निर्माण कार्य अगाडि बढाईएको छ ।

शुरु अवधि आ.व. २०६४/६५ देखि २०७३/७४ सम्म, संशोधित कार्यतालिका अनुसार आ.व. २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा हाल प्रस्तावित कार्यतालिका अनुसार आ.व २०८४/८५ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । समग्रमा, यस आयोजना पुर्व-पश्चिम राजमार्गको विकल्पको रुपमा नेपालको मध्य-पहाडका २६ जिल्लाहरुका २१५ वस्तीहरु जोड्दै निर्माण हुने यस सडक समयमै सम्पन्न भए मध्य-पहाडमा बसोबास गर्ने करीब १ करोड जनता यस आयोजनाबाट प्रत्यक्ष लाभान्वित भई अर्थतन्त्रमा प्रत्यक्ष रुपमा टेवा पुग्ने अनुमान गरिएको छ ।

### ६.२.२ कर्णाली कोरिडोर सडक

योजना कार्यालयको नाम हिल्सा-सिमिकोट सडक योजाना (कर्णाली कोरिडोर) स्थापना २०६९ सालमा भई योजना सुरु भएको हो ।  योजना कार्यालयको कार्यक्षेत्र कालिकोट जिल्लाको कर्णाली राजमार्ग अन्तर्गतको खुलालु देखी सिमकोट हुँदै हिल्सा सम्म रहेको छ जसको लम्बाई २६८.६५ कि.मि. रहेको छ जसमध्ये २६३.५ कि.मि.ट्र्याक निर्माण भईसकेको छ र बाँकी २.५ कि.मि. ट्र्याक निर्माण गर्ने काम नेपाली सेनाबाट भइरहेको छ । सडक रेखाङ्कनले छोएका जिल्लाहरु कालिकोट, बाजुरा र हुम्ला पर्दछन् । योजनाको कुल लागत रु.६ अर्ब ६६ करोड १९ लाख रहेको छ । योजनाको आ.व.२०७९/८० सम्मको भौतिक प्रगति २४.० प्रतिशत र वित्तीय प्रगति २०.४१ प्रतिशत रहेको छन् ।

कालिकोट जिल्लाको खुलालुदेखि सिमिकोट हुँदै हिल्सासम्म पक्की सडक २६८.६५ कि.मि. निर्माण गरी हुम्ला जिल्लालाई सडक संजालमा जोड्ने साथै उक्त क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकता परिपूर्तिको लागि पहुँच अभिवृद्धि हुने, पर्यटन प्रवर्द्धन हुने, स्थानीय कृषि तथा जडिबुटी उत्पादन बजारसम्म पुऱ्याउन सहज हुने साथै जनताको जीवनस्तर सुधार हुने यस आयोजनाको लक्ष्य रहेको छ ।

### ६.२.३ मदन भण्डारी राजमार्ग आयोजना

झापाको बाहुनडाँगी देखि डडेल्धुराको रुपाल सम्म पुर्व-पश्चिम राजमार्गको समानान्तर हुने गरी जम्मा १३९० कि.मि. सडक २ लेनमा निर्माण तथा स्तरोन्नति गर्ने नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।०२।०६ को निर्णय बमोजिम चुरे तथा भित्रि मधेसका उपत्यकाहरु र सो क्षेत्रभित्र पर्ने विभिन्न स्थलहरुलाई देशका प्रमुख शहरहरुसँग जोड्ने गरी रेखांकन गरिएको छ । मदन भण्डारी राजमार्ग योजना कार्यालय सुर्खेतको कार्यक्षेत्र भित्रको सडक खण्ड सातदोबाटो देखि रुपाल सम्म रहेको छ । कार्यक्षेत्र भित्र पर्ने जिल्लाहरु क्रमशः रोल्पा, सल्यान, सुर्खेत, डोटी, कैलाली र डडेलधुरा पर्दछ भने जसको कुल लम्बाई ५५२ कि.मि. रहेको छ जसमध्ये योजनाले हेर्ने कुल सडक लम्बाई २८० कि.मि.रहेको छ । मदन भण्डारी राजमार्ग योजना कार्यालय सुर्खेतका अनुसार, योजना कार्यालयको कार्यक्षेत्र भित्रको सडक खण्डको समीक्षा अवधि सम्म जम्मा १० कि.मि कालोपत्रे सडक निर्माण सम्पन्न गरेको छ । योजना कार्यालयले बनाउनु पर्ने पुल संख्या ३२ रहेकोमा हाल सम्म ५ वटा पुलको मात्र सुपरस्ट्रक्चर सम्मको निर्माण कार्य सम्पन्न भएको छ ।

योजना कार्यालय स्थापना पश्चात कार्य क्षेत्रभित्रको सडक खण्ड बोटेचौर देखि विजौरा सम्म ६४ कि.मि. ठेक्का सम्झौता गरेकोमा वीरेन्द्रनगर देखि पूर्वतर्फको खण्ड ४२ कि.मि. र पश्चिम तर्फको खण्ड २२ कि.मि. रहेको छ । समीक्षा अवधिमा आ.व. २०८०/८१ योजना कार्यालयको पुँजिगत तर्फ बजेट रु.९१ करोड रहेकोमा खर्च २५ प्रतिशत रहेको छ भने चालु तर्फ बजेट रु.१ करोड २५ लाख रहेकोमा चालु खर्च ४५.६० प्रतिशत रहेको छ । आ.व. २०७५/७६ मा सुरु भई आ.व. २०८१/०८२ सम्ममा सम्पन्न हुने यस आयोजनाको अवधि रहेकोमा संशोधन प्रस्ताव अनुसार आ.व. २०८४/८५ सम्ममा सम्पन्न हुने लक्ष्य रहेको छ । यस आयोजना समयमै सम्पन्न भए कर्णाली प्रदेश लगायत सबै प्रदेशका स्थानीय स्तरमा रोजगारी वृद्धि, कृषि उत्पादन बढ्ने, बजार उत्पादनले बजार पाउने, ढुवानी र यातायातमा सहज भई जिवनस्तरमा सुधार आई आर्थिक स्थितिमा सुधार हुने अपेक्षा गरिएको छ ।

### ६.२.४ भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना

जापानको अन्तर्राष्ट्रिय सहयोग संस्था JICA द्वारा सन् १९९८ र १९९९ मा गरिएको सम्भाव्यता अध्ययन अनुसार भेरी नदीको पानी बबई नदीमा खसाली जलविद्युत् उत्पादन गर्न सम्भव हुने देखिएको थियो । हिमनदी स्रोत भएका नेपालका नदीहरुको पानीलाई मझौला नदीहरुमा स्थानान्तरण गरी आधुनिक सिँचाई प्रणालीमार्फत कृषि उत्पादनलाई बढाउने र मुलुकमा खाद्य संकटको अवस्था आउन नदिने उद्देश्य अनुरुप नेपालमा सिँचाई विभागबाट पहिलो बहुउद्देश्यीय आयोजना भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको रुपमा आ.व. २०७१/७२ बाट निर्माण कार्यको सुरुवात गर्ने गरी मिति २०६८/०५/०७ मा यो आयोजना स्थापना गरिएको थियो । एउटै परियोजनाबाट एउटा नदिलाई अर्को नदिमा खसाली

सिँचाई, जलविद्युत् उत्पादन, तथा भेरी नदिको पानी तानी परियोजना प्रभावित क्षेत्रमा सिँचाई गर्ने ३ वटा उद्देश्यहरु लिएको हुँदा यसलाई कर्णाली प्रदेशको एक प्रतिष्ठित बहुउद्देश्यीय आयोजनाको रुपमा हेरिएको छ ।

आयोजनाको कुल लागत रु.३६ अर्ब ८० करोड ७७ लाख रहेको छ । आ.व. २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य रहेको भएतापनि यस आयोजनको संशोधित कार्यातालिका अनुसार आ.व. २०८४/०८५ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । आयोजनाको शुरु अवधिदेखि हालसम्मको समष्टिगत भौतिक प्रगति ६५.६७ प्रतिशत र वित्तीय प्रगति ५७.५७ प्रतिशत रहेको छ भने कुल लागतको तुलनामा कुल खर्च ४६.५१ प्रतिशत रहेको छ ।

यस आयोजनाको विकासबाट ५१,००० हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सेवा, ४६.८ मेगावाट जलविद्युत्को साथै, पर्यटक तथा वातावरणीय फाइदा लिन सकिने छ भने उर्वर भुमिमा कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी हाल कृषिमा भएको आयातको प्रतिस्थापन गर्न मद्दत देखिन्छ । यस निर्माणाधिन आयोजनाले ५०० जना स्वदेशी र १० जना विदेशी नागरिकलाई रोजगारी प्रदान गरेको छ ।

## ६.३ विद्युत्

कर्णाली प्रदेश क्षेत्रफलको हिसाबले अन्य प्रदेशभन्दा ठूलो तथा भौगोलिक रुपमा विकट भएकोले यहाँका हरेक घर तथा वस्तीमा बिजुलीको सुविधा पुऱ्याउनु आफैमा चुनौतीपूर्ण रहेको छ । समीक्षा अवधिमा ३३ के.भि.को विद्युत् प्रसारण लाईन ४९६ कि.मि पुगेको छ भने ११ के.भि.को विद्युत् प्रसारण लाईन ३,१२१ कि.मि पुगेको छ । गत अवधिमा भने ११ के.भि.को विद्युत् प्रसारण लाईन ३,१०८ पुगेको थियो । आ.व. २०७९/८० सम्ममा यस प्रदेशमा १८.५४ मे.वा. विद्युत् उत्पादन भएको छ (तालिका ६.३) ।

### तालिका ६.३: कुल विद्युत उत्पादन

(मेगावाट)

| क्र.स. | आयोजनाको नाम | जिल्ला | आयोजनाको क्षमता (मेगावाट) | कैफियत |
|---|---|---|---|---|
| १. | कालीकोट जल विद्युत् आयोजना | कालीकोट | ०.५ | नेपाल विद्युत् प्राधिकरण |
| २. | हिल्दुङ जल विद्युत् आयोजना | हुम्ला | ०.५ | नेपाल विद्युत् प्राधिकरण |
| ३. | जुम्ला जल विद्युत् आयोजना | जुम्ला | ०.२ | नेपाल विद्युत् प्राधिकरण |
| ४. | स्यापरुदह जल विद्युत् आयोजना | रुकुम पश्चिम | ०.२ | नेपाल विद्युत् प्राधिकरण |
| ५. | डोल्पा जल विद्युत् आयोजना | डोल्पा | ०.२ | नेपाल विद्युत् प्राधिकरण |
| ६. | गमगढी जल विद्युत् आयोजना | मुगु | ०.४ | नेपाल विद्युत् प्राधिकरण |
| ७. | पदम खोला जलविद्युत् आयोजना | दैलेख | ४.८ | दोल्ती पावर कम्पनी प्रा.लि. |

| | | | | |
|---|---|---|---|---|
| ८. | द्वारी खोला जलविद्युत् आयोजना | दैलेख | ३.७५ | भुगोल ईनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि. |
| ९. | गिरी खोला जलविद्युत् आयोजना | जुम्ला | ०.२ | गिरीखोला जाल्पादेवी ग्रामीण विद्युत् सहकारी लिमिटेड |
| १०. | लघु जलविद्युत् आयोजना (२१५ वटा) | कर्णाली प्रदेश | ६.५३ | बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, जलश्रोत तथा ऊर्जा विकास मन्त्रालय, नेदरल्याण्ड विकास नियोग, कादुरी नेपाल |
| ११. | सौर्य मिनी ग्रीड आयोजना (१८ वटा) | कर्णाली प्रदेश | १.२६ | बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, जलश्रोत तथा ऊर्जा विकास मन्त्रालय, ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना |
| **कुल विद्युत् उत्पादन** | | | **१८.५४** | |

*स्रोत: जलश्रोत तथा उर्जा विकास मन्त्रालय, कर्णाली प्रदेश तथा नेपाल विद्युत् प्राधिकरण*

यस प्रदेशमा हालसम्म कुनैपनि ठूला जलविद्युत् आयोजनाहरु सञ्चालनमा नरहेतापनि दैलेख जिल्लामा हाल २.१५ मेगावाट क्षमताको माथिल्लो पराजुली खोला, ४.२ मेगावाट क्षमताको लोहोरे खोला आयोजना निर्माणाधीन अवस्थामा रहेका छन् । त्यस्तै कालिकोट जिल्लामा १६ मेगावाट क्षमताको रुरुबन्चु खोला (पहिलो), १२ मेगावाट क्षमताको रुरुबन्चु खोला (दोश्रो), ४४० मेगावाट क्षमतको तिला (पहिलो), ४२० मेगावाट क्षमताको तिला (दोश्रो) जलविद्युत् आयोजनाको निर्माण कार्य भईरहेको छ ।

त्यसैगरी, खत्याड खोला जलविद्युत् आयोजना (०.५० मे.वा.) मुगु, सिमरुतु खोला जलविद्युत् आयोजना (०.२० मे.वा.) रुकुम पश्चिम, सानी भेरी जलविद्युत् आयोजना (०.३० मे.वा.) रुकुम पश्चिम, आँखे खोला जलविद्युत् आयोजना (०.७५ मे.वा.) डोल्पा, चुकेनी खोला जलविद्युत् आयोजना (०.९९ मे.वा.) जुम्ला, जल्दी गाड जलविद्युत् आयोजना (२१ मे.वा.) रुकुम पश्चिम, स्यार्पु जलविद्युत् आयोजना (३.३ मे.वा.) रुकुम पश्चिम, सौर्य ऊर्जा आयोजना (०.९९ मे.वा.) जुम्ला, सौर्य ऊर्जा आयोजना (०.३० मे.वा.) मुगु, सौर्य ऊर्जा आयोजना (०.६२ मे.वा.) डोल्पा र सौर्य ऊर्जा आयोजना (१ मे.वा.) हुम्लामा गरी जम्मा १७ ओटा लघु आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् ।

### बक्स ६.१: कर्णाली प्रदेशका महत्वपूर्ण जलविद्युत आयोजनाहरु

**नलस्यागाड (नलगाड) जलाशययुक्त जलविद्युत् आयोजना**

नलस्यागाड (नलगाड) जलाशययुक्त जलविद्युत् (४१७ मे.वा) आयोजना नेपालको कर्णाली प्रदेश अन्तर्गत जाजरकोट जिल्ला स्थित नलगाड नदीमा अवस्थित छ । यस आयोजनाको निर्माण तथा सञ्चालक नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड रहेको छ जुन विद्युत् उत्पादन कम्पनी लिमिटेडको सहायक कम्पनीको रुपमा सन् २०१७ मा स्थापित भएको थियो । हाल यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन पेश गरिने चरणमा छ । प्रस्तावित आयोजनाले नलगाड नगरपालिकाको वडा नम्बर २, ५, ७, ८, र बारेकोट गाउँपालिकाको वडा नम्बर १, २, ५, ६, ७, ८ र ९ लाई प्रभाव पार्नेछ । यस आयोजना निर्माण सम्पन्न हुन ७ बर्ष ५ महिना लाग्ने अनुमान गरिएको छ भने आयोजनाको अधिकृत पूँजी रु १ अर्ब र जारी पूँजी रु ५० करोड रहेको छ ।

यस आयोजनाले निर्माण चरणको अवस्थामा स्थानीय स्तरमा रोजगारीका अवसरहरुको सिर्जना, स्थानीय बासिन्दाहरुको दक्षता तथा क्षमतामा वृद्धि, स्थानीय स्तरमा उत्पादन हुने सामानहरुको लागि बजार/व्यवसायहरुको अवसर सिर्जना तथा राजस्वमा वृद्धि हुने अनुमान गरेको छ भने संचालन चरणमा उर्जाको उत्पादन, ग्रामीण विद्युतिकरणका अवसरहरु, ग्रामीण अर्थतन्त्रमा सुधार, स्थानीय पर्यटन विकासका अवसरहरु तथा शेयर लगानीमा अवसर हुनेछ ।

**माथिल्लो कर्णाली जलविद्युत् आयोजना**

माथिल्लो कर्णाली जलविद्युत् आयोजना कर्णाली नदीमा प्रस्तावित रन अफ द रिभर जलविद्युत् आयोजना हो । यो आयोजना दैलेख जिल्लाको आठबीस नगरपालिका वडा नं. १ सात्तलाको डाब र अछाम जिल्लाको केहि भाग समेत पर्दछ । यो आयोजनाको विद्युत् उत्पादन क्षमता ९०० मेगावाट रहेको छ । यो आयोजना निर्माण गर्ने जिम्मा नेपाल सरकारले भारतिय कम्पनी जिएमआर लाई दिएको छ । यस आयोजनाबाट उत्पादन हुने अधिकांश बिजुली बंगलादेश (५०० मेगावाट) र भारत (२९२ मेगावाट) दुवैतर्फ ४०० केभी डबल सर्किट प्रसारण लाइनमार्फत निर्यात गर्ने तय गरिएको छ बाँकी रहेको १०८ मेगावाट नेपाल सरकारले प्राप्त गर्ने छ ।

लामो समय देखि यो आयोजनाको कार्य गर्ने भनिएपनि उत्पादनको जिम्मा पाएको कम्पनीले कार्य गर्न नसकी पटकपटक म्याद थपिदै आएको छ । नेपालको ठुलो आयोजना मध्येको यस आयोजना समयमै सम्पन्न भएमा देशमा आवश्यक विद्युत्को परिपूर्ति हुनुको साथै ठुलो मात्रामा विद्युत् निर्यातको सम्भावना रहेको छ । भारत र बंगलादेशमा विद्युत् आपूर्ति हुने निर्यातमुखी आयोजना भएकोले समयममै विद्युत् उत्पादन गर्न सके यसले नेपालको विकासको लागि बहुआयामिक महत्व राख्दछ ।

**बेतन कर्णाली जलविद्युत् आयोजना**

४३९ मेगावाट विद्युत् क्षमताको बेतन कर्णाली अर्ध जलाशययुक्त जलविद्युत् आयोजना हो । जुन कर्णाली प्रदेश सर्खेत जिल्लाको चौकुने गाउँपालिका वडा न.४, ५, ६ र पञ्चपुरी नगरपालिका वडा न. ७ साथै सुदूरपश्चिम प्रदेशको अछाम जिल्लाको ढकारी गाउँपालिको वडा नं. ६, ७ र तुर्माखाद गाउँपालिकाका वडा न. ३, ४ र ५ को क्षेत्र भित्र अवस्थित छ ।

जलविद्युतको उत्पादन वृद्धि गरी उर्जाको निरन्तर बढ्दो माग पुरा गर्न र विदेशबाट आयात गरिने विद्युत्लाई प्रतिस्थापन गर्न यस्ता आयोजनाको प्रमुख भुमिका हुने देखिन्छ । साथै रोजगारी सिर्जना हुन गई स्थानीय जनताहरु लाभान्वित हुने देखिन्छ । यो आयोजना निर्माण भई सञ्चालनमा आएमा विद्युत्को आन्तरिक माग परिपूर्ति गर्नुको साथै बाँकी बिजुली छिमेकी देशहरुमा बिक्रि गरी आर्थिक लाभ लिन सकिने हुँदा यस आयोजनाको सञ्चालनबाट समष्टिगत रुपमा समग्र देशको आर्थिक उन्नतिमा टेवा पुग्ने देखिन्छ ।

**फुकोट कर्णाली जलविद्युत् आयोजना**

प्रधानमन्त्रीको भारत भ्रमणमा फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत् आयोजना भारतीय सरकारी कम्पनीले लगानी गर्ने सम्झौता भएको छ। यस आयोजनाको विद्युत् उत्पादन क्षमता ४८० मेगावाट रहेको छ।

नेपालको तर्फबाट विद्युत् उत्पादन कम्पनी लिमिटेड र भारतको सरकारी कम्पनी एनएचपीसीको संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बनाएर यस आयोजनाको निर्माण गर्ने गरी सम्झौता भएको छ।

एमओयूको मस्यौदाअनुसार एनएचपीसीको ५१ र भीयूसीएलको ४९ प्रतिशत लगानीमा फुकोट कर्णाली आयोजना बनाउने तयारी छ।

यो आयोजना कालिकोटको पचाल झरना गाउँपालिका, रास्कोट नगरपालिका, सान्नी त्रिवेणी गाउँपालिका र खाँडाचक्र नगरपालिका हुँदै बग्ने कर्णाली नदीको खण्डमा निर्माण हुनेछ।

जलविद्युतको राष्ट्रिय उत्पादन वृद्धि गरी उर्जाको निरन्तर बढ्दो माग पुरा गर्न र विदेशबाट आयात गरिने विद्युत्लाई प्रतिस्थापन गर्न यस्ता आयोजनाको प्रमुख भुमिका हुने देखिन्छ। साथै रोजगारी सिर्जना हुन गई स्थानीय जनताहरु लाभान्वित हुने छन्। यो आयोजना निर्माण भई सञ्चालन भएमा विद्युत्को आन्तरिक माग परिपूर्ति गर्नुको साथै बाँकी बिजुली छिमेकी देशहरुमा बिक्रि गरी आर्थिक लाभ लिन सकिने हुँदा यस आयोजनाको सञ्चालनबाट समष्टिगत रुपमा समग्र देशको आर्थिक उन्नतिमा टेवा पुग्ने देखिन्छ।

## ६.४ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### क) पूर्वाधार क्षेत्रको चुनौती

- कणाली प्रदेशमा कठिन भूगोल र सीमित स्रोत साधन भएकोले सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकास गर्नु।
- लगानीको वातावरण सिर्जना गरी उत्पादन र रोजगारी वृद्धि गर्नु।
- हवाई यातायातलाई सुलभ र सहज यातायातको साधनको रुपमा विकास गर्नु, निजी क्षेत्रलाई प्रदेशको हवाई सेवा विस्तारमा आकर्षित गर्नु साथै, प्रदेशका विमान स्थलहरुलाई आर्थिक रुपमा सक्षम हुने गरी सञ्चालन गर्नु।
- प्रदेशभित्र सञ्चालन हुने राष्ट्रिय गौरवका आयोजना, प्रदेश गौरवका आयोजना, बहुवर्षीय, अधुरा तथा क्रमागत आयोजनाहरु समयमा सम्पन्न गर्नु।
- यस प्रदेशमा रहेका जलाधारहरुको अधिकतम उपयोग गरी विद्युत् उत्पादन, प्रसारण तथा वितरण कार्य अगाडि बढाउनु।

- भौगोलिक रुपमा अति विकट यस प्रदेशमा प्राकृतिक प्रकोपको कारण (बाढी, पहिरो) पूर्वाधार निर्माण कार्य ढिलाई हुनुको साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्य रुपमा बढी हुनु ।

### ख) पूर्वाधार क्षेत्रको सम्भावना

- यस प्रदेशको दैलेख जिल्लामा प्राकृतिक ग्याँस र पेट्रोलियम पदार्थको ठुलो सम्भावना रहेको छ जसको व्यवस्थित रुपमा उत्खनन गरी प्राकृतिक ग्याँस तथा पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहेको छ ।
- सुर्खेत विमानस्थलबाट कर्णाली प्रदेशका हवाई उडान हुने सबै जिल्लामा हवाई सेवालाई नियमित, सुलभ र सहज बनाउन सकेमा यस प्रदेशको पर्यटन विकास गर्न सकिने सम्भावना रहेको छ ।
- यस प्रदेशको मेरुदण्डको रुपमा रहेका सुर्खेतको छिन्चु देखि उपल्लो डोल्पा जाने भेरी करिडोर, वीरेन्द्रनगरबाट हुम्लाको हिल्सासम्मको कर्णाली करिडोर र कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको सेरिघाट-जुम्लाको खलङ्गा-र मुगुको नाक्चेलाग्ना खण्ड समयमै गुणस्तरीय निर्माण तथा स्तरोन्नति हुन सकेमा शे-फोक्सुण्डो ताल, रारा ताल र लिमीबाट कैलाश मानसरोवर दर्शनका लागि लाखौं पर्यटक आकर्षित भई कर्णालीबासीका लागि रोजगारी सिर्जना हुने र यसबाट प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने सम्भावना रहेको ।
- यस प्रदेशमा कर्णाली, भेरी लगायतका ठूला नदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत् उत्पादनका साथै सिँचाई सुविधाको बिस्तार गर्न सकिने सम्भावना उच्च रहेको ।
- कर्णाली तथा भेरी जस्ता ठूला नदी रहेको यस प्रदेशमा जलयातायातको सम्भावना रहेको ।

## ६.५ रोजगारी

### क) वैदेशिक रोजगारी

वैदेशिक रोजगार विभागले प्रकाशन गरेको वार्षिक श्रम स्वीकृति विवरण २०७९/८० अनुसार वैदेशिक रोजगार विभागबाट कुल ७,७१,३२७ जनालाई वैदशिक रोजगारीको लागि श्रम स्वीकृति प्रदान गरिएको छ । वैदेशिक रोजगारीको लागि स्वकिृति प्रदान गरिनेमा कर्णाली प्रदेशको हिस्सा ३.५५ प्रतिशत रहेको छ । आ.व. २०७८/७९ मा वैदेशिक रोजगारका लागि स्वीकृति जम्मा ६,३०,०९० जनालाई प्रदान गरिएको थियो । वैदेशिक रोजगारीबाट स्वदेश फर्किने श्रमिकहरु मध्ये अधिकांश पुनःश्रम स्वीकृति लिने गरेका छन् भने केहीले वैदेशिक रोजगारीबाट सिकेको सीपलाई स्वदेशमा उपयोग गरी स्वरोजगार कार्यमा संलग्न रहेको पाइन्छ । स्वदेशमा रोजगारीका पर्याप्त अवसर नहुनाले वर्षेनि भरपर्दो आयआर्जनको खोजीको शिलशिलामा विदेशिने नेपालीहरुको सङ्ख्या बढ्दो क्रममा रहेको छ ।

समीक्ष अवधिमा कर्णाली प्रदेशबाट नयाँ श्रम स्वीकृत लिई वैदेशिक रोजगारमा गएका संख्या ८,४५४ रहेको छ भने पुन श्रम स्वीकृत सहित ११,१७८ रहेको छ (तालिका ६.४) ।

## तालिका ६.४: जिल्लागत वैदेशिक रोजगारीको विवरण

(२०८० पुस मसन्तसम्म)

| जिल्ला | Recruting Agency | Individual New | G to G | Individual-ReEntry | Total with ReEntry | Total without ReEntry |
|---|---|---|---|---|---|---|
| दैलेख | ९४६ | १७३ | ५१ | ३३६ | १५०६ | १,१७० |
| डोल्पा | १४८ | ३६ | ८ | ४० | २३२ | १९२ |
| हुम्ला | १३८ | २६ | २ | ५१ | २८३ | २३२ |
| जाजरकोट | १८१५ | ८१ | १६ | १९० | १,०४१ | ८५१ |
| जुम्ला | २६५ | ६१ | ३ | ७२ | ४०१ | ३२९ |
| कालिकोट | ३०० | ४८ | २८ | ७९ | ४५५ | ३७६ |
| मुगु | १६५ | २७ | ९ | २५ | २२६ | २०१ |
| रुकुम पश्चिम | ७८८ | १२० | ३१ | २७४ | १,२१३ | ९३९ |
| सल्यान | २,०५५ | २०४ | २५ | ९८८ | ३,२७२ | २,२८४ |
| सुर्खेत | १,४९४ | २८२ | १०४ | ६६९ | २,५४९ | १,८८० |
| **कुल** | **८,११४** | **१,०५८** | **२७७** | **२,७२४** | **११,१७८** | **८,४५४** |

*स्रोत :श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय*

### ख) आन्तरिक रोजगारी

नेपाल श्रमशक्ति सर्वेक्षण २०७५/०७६ को प्रतिवेदन अनुसार कर्णाली प्रदेशमा बेरोजगारी दर ९.७ प्रतिशत रहेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आर्थिक वर्ष २०७८/७९ को अन्तिम प्रतिवेदन अनुसार कर्णाली प्रदेशमा रहेको १,५३,७४६ सूचीकृत बेरोजगार जनसंख्यालाई रोजगारीको अवसर प्रदान गरी निरपेक्ष गरिबीको दरलाई घटाउदै सामाजिक न्याय र आर्थिक रुपान्तरण गर्ने उद्देश्य अनुरुप कर्णाली प्रदेशमा रहेका जम्मा ७९ वटै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरी कार्यान्वयनमा ल्याईएको छ।

### तालिका ६.५: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण
(२०८० पुस मसान्तसम्म)

| जिल्ला | सूचीकृत बेरोजगार व्यक्तिको सङ्ख्या | कुल रोजगारी प्रदान गरिएको दिन | कुल आयोजना सङ्ख्या | रोजगारीमा खटिएका सङ्ख्या |
|---|---|---|---|---|
| रुकुम पश्चिम | १७,७३४ | - | ४१ | - |
| सल्यान | ३८,८०४ | - | २८ | - |
| डोल्पा | ९,७५९ | ७,०६१ | ६३ | १०३ |
| जुम्ला | १३,०३३ | ७,८२५ | ५८ | २४४ |
| मुगु | ५,७९८ | - | २१ | - |
| हुम्ला | १३,६६७ | - | ७ | - |
| कालिकोट | ३०,०४६ | - | ४७ | - |
| जाजरकोट | २८,४९२ | ७०० | ३८ | ७ |
| दैलेख | ३४,०२८ | २,९०० | ५५ | २९ |
| सुर्खेत | १९,३०३ | ३,००० | २८ | ३० |
| **जम्मा** | **२१०,६६४** | **२१,४८६** | **३८६** | **४१३** |

*स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रम, सिहंदरबार*

समीक्षा अवधिमासम्म प्रधानमन्त्री रोजगर कार्यक्रमबाट कर्णाली प्रदेशमा ४१३ जना लाभान्वित भएका छन् । रोजगारीमा खटिएकामध्ये सबैभन्दा बढी जुम्ला जिल्लामा २४४ जना लभान्वित भएका छन् भने रुकुम पश्चिम, सल्यान, मुगु, हुम्ला र कालिकोटमा समीक्षा अवधिसम्म कोही व्यक्तिहरु लभान्वित भएका छैन ।

समीक्षा अवधिमा यस प्रदेशमा सूचीकृत बेरोजगार व्यक्तिको संख्या २१०,६६४ रहेको छन् भने कुल आयोजना संख्या ३८६ रहेको छन् (तालिका ६.५) ।

## ६.६ रोजगारीको चुनौती र सम्भावना

### क) रोजगारीको चुनौती

- वैदेशिक रोजगारीमा हुन सक्ने जोखिमहरु न्यूनिकरण गर्दै यसबाट प्राप्त पुँजी, सीप, प्रविधि र अनुभवको उत्पादनमुलक क्षेत्रमा लगानी गरी उच्चतम प्रतिफल हासिल गर्नु ।
- दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्नु, वैदेशिक रोजगारबाट आर्जित पुँजी, सीप, दक्षता र अनुभवको उच्चतम परिचालन गर्नु र सबैका लागि मर्यादित कामको अवसरको सुनिश्चतता गर्नु ।
- खानीजन्य, कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र बिस्तार गरी उच्च रोजगारी सिर्जना गर्नु ।
- यस प्रदेशबाट भारत लगायत अन्य मुलुकमा बैदेशिक रोजगारीको लागि विदेश जानेको संख्या ठूलो मात्रामा रहेको छ । उक्त जनसंख्यालाई स्वदेशमै रोजगारी सिर्जना गरी विदेशिनबाट रोक्नु ।

- कर्णाली प्रदेशको प्रमुख समस्याको रुपमा रहेको गरिबी न्यूनिकरणका लागि संघ, प्रदेश र स्थानीय तिनै तहको समन्वयमा रोजगारी सिर्जना गरी आर्थिक असमानता घटाउँदै सामाजिक न्याय कायम गर्नु ।

### ख) रोजगारीको सम्भावना

- गरिबी निवारण र रोजगारी सिर्जना कर्णाली प्रदेश सरकारको उच्च प्राथमिकतामा रहेकोले सरकारका नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन मार्फत आर्थिक सामाजिक रुपान्तरण गर्न सकिने सम्भावना रहेको छ ।
- यस प्रदेशमा रहेका रारा, शे-फोक्सुण्डो, कुपिण्डे, स्यार्पु, बुलबुले ताल, काँक्रेबिहार, पचाल झरना, सिँजा सभ्यता, पञ्चकोशी ज्वाला क्षेत्र, दुल्लु लगायतका प्राकृतिक, साँस्कृतिक तथा धार्मिक रुपले महत्वपूर्ण पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन गरी प्रर्याप्त मात्रामा आय तथा रोजगारी सिर्जना गर्न सकिने देखिन्छ ।
- नेपालमा आर्थिक रुपले सक्रिय जनसङ्ख्या ६५.४९ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा आर्थिक रुपले सक्रिय जनसङ्ख्या ७१.६५ प्रतिशत रहेको छ जसले गर्दा कृषि क्षेत्रमा रहेको अनुउत्पादक श्रमशक्तिलाई उद्योग, पर्यटन, सेवा क्षेत्रमा स्थानान्तरण गरी अर्थतन्त्रको संरचनात्मक रुपान्तरण गर्न सकिने सम्भावना रहेको छ ।
- यस प्रदेशमा कृषि तथा जडीबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटी सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ७

# प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ प्रादेशिक सरकारी वित्त

### प्रदेश सरकारी खर्च

समीक्षा अवधिमा कर्णाली प्रदेश सरकारको कुल खर्च गत अवधिको तुलनामा ३.०४ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ३८ करोड पुगेको छ । गत अवधिमा कुल खर्च रु.४ अर्ब २५ करोड ४२ लाख रहेको थियो समीक्षा अवधिको कुल खर्चमा चालु र पुँजीगत खर्चको हिस्सा क्रमशः ६६.२१ प्रतिशत र ३३.७९ प्रतिशत रहेको छ। यस अवधिमा पुँजीगत खर्च १६.१४ प्रतिशतले कमी आएको छ भने चालु खर्च १६.६५ प्रतिशतले वृद्धि भएको छ (तालिका ७.१) ।

**तालिका ७.१: समीक्षा अवधि सम्मको खर्चको स्थिति**

**(रु. करोडमा)**

| शिर्षक/आ.व. | २०७८/७९ | २०७९/८० | २०८०/८१ | गत अवधिको प्रतिशत परिवर्तन | समिक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| चालु खर्च | २१३.९३ | २४८.८० | २९०.२३ | १६.३० | १६.६५ |
| पुँजीगत खर्च | १३४.१८ | १७६.६२ | १४८.११ | ३१.६३ | – १६.१४ |
| वित्तीय व्यवस्था | | | | | |
| **कुल** | **३४८.११** | **४२५.४२** | **४३८.३३** | **२२.२१** | **३.०४** |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत*

### राजस्व परिचालन

समीक्षा अवधिमा कर्णाली प्रदेश सरकारको कुल राजस्व गत अवधिको तुलनामा ३२.७९ प्रतिशतले वृद्धि भई रु. ४१ करोड ४० लाख सङ्कलन भएको छ। गत अवधिमा कुल राजस्व रु. ३१ करोड १८ लाख रहेको थियो । कुल राजस्वमा कर र गैरकर राजस्वको योगदान क्रमशः ७४.७३ प्रतिशत र २५.३ प्रतिशत रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु.५६ करोड ४५ लाख रहेको छ । गत अवधिमा यस्तो रकम रु.४० करोड ६२ लाख रहेको थियो (तालिका ७.२) ।

**तालिका ७.२: समीक्षा अवधि सम्मको राजस्व परिचालनको स्थिति**

**(रु. करोडमा)**

| शिर्षक/आ.व. | २०७८/७९ | २०७९/८० | २०८०/८१ | गत अवधिको प्रतिशत परिवर्तन | समिक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कर राजश्व | ११.८३ | १२.५५ | ३०.९४ | ६.०९ | १४६.५२ |
| गैर कर राजस्व | १८.०४ | १८.६३ | १०.४६ | ३.२७ | – ४३.८३ |
| कुल राजस्व | २९.८७ | ३१.१८ | ४१.४० | ४.३९ | ३२.७९ |
| अन्य प्राप्ति (राजस्व बाँडफाँड) | ९.२७ | ९.४४ | १५.०५ | १.८३ | ५९.३९ |
| **कुल प्राप्ति** | **३९.१४** | **४०.६२** | **५६.४५** | **३.७८** | **३८.९७** |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत*

## ७.२ स्थानिय सरकारको वित्तीय स्थिति विश्लेषण

आर्थिक वर्ष २०८०/८१ को अर्ध वर्षिक प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा कर्णाली प्रदेशमा रहेका ७९ वटा स्थानिय तहहरुमध्ये जनसंख्याको हिसावले सबै भन्दा बढी जनसंख्या रहेका १२ वटा स्थानिय तहहरु छनोट गरी अध्ययन गरिएको छ । समीक्षा अवधिमा गत अवधिको तुलनामा पुंजीगत खर्च वृद्धि गरेका स्थानिय तहमा चौरजहारी नगरपालिका (२५०.४५ प्रतिशत) रहेको छ भने सिमकोट गाँउपालिकाको पुंजीगत खर्चमा ९४.१२ प्रतिशतले ह्रास आएको छ । त्यसैगरी समीक्षा अवधिमा गत अवधिको तुलनामा राजस्व संकलन वृद्धि सिमकोट गाँउपालिकाले (१०० प्रतिशत) गरेको छ भने भेरी नगरपालिका जाजरकोटको राजस्वमा ४५.० प्रतिशतले सङ्कुचन आएको छ (तालिका ७.३) ।

### तालिका ७.३: समीक्षा अवधिमा खर्च, राजस्व तथा राजस्व बाँडफाँड प्राप्तिको प्रतिशत परिवर्तनको स्थिति

(प्रतिशत)

| | खर्च | | राजस्व | | | राजस्व बाँडफाँड |
|---|---|---|---|---|---|---|
| | गत अवधिको तुलनामा समीक्षा अवधिको प्रतिशत परिवर्तन | | | | | |
| | चालु खर्च | पुंजीगत खर्च | कर राजस्व | गैरकर राजस्व | अन्य | प्रप्ति |
| वीरेन्द्रनगर नगरपालिका सुर्खेत | २१.०५ | ६६.६७ | -३४.७१ | ०.०० | ०.०० | -१८.१६ |
| ठुलीभेरि नगरपालिका डोल्पा | -१२.१६ | ३८.०३ | ६६.६७ | १५०.०० | ०.०० | -३५.१६ |
| छायाँनाथ रारा नगरपालिका मुगु | ४.३७ | ०.०० | ३३.३३ | ०.०० | ०.०० | -१४.१५ |
| चन्दननाथ नगरपालिका जुम्ला | -६.७१ | १२.८४ | ०.०० | -३२.०० | -७५.०० | ४.१० |
| खाँडचक्र नगरपालिका कालिकोट | ५३.०२ | -८५.५० | ०.०० | ०.०० | २०.२७ | ७६.८२ |
| गुर्भाकोट नगरपालिका सुर्खेत | -७.५५ | -१३.४९ | ०.०० | ५७.८९ | ०.०० | २.०८ |
| मुसिकोट नगरपालिका रुकुम पश्चिम | -१.७७ | -६१.२६ | -४९.३२ | -२८.७४ | ०.०० | -१७.९२ |
| चौरजहारी नगरपालिका रुकुम पश्चिम | -१०.७० | २५०.४५ | -३८.८९ | -३.१७ | ०.०० | -४२.३४ |
| भेरी नगरपालिका जाजरकोट | ६.७० | -९.१४ | -५०.०० | -८५.२७ | ०.०० | ३६.३६ |
| शारदा नगरपालिका सल्यान | १८.२२ | २८.६५ | -४५.१६ | ८४००.०० | -३३.३३ | ३०.३० |
| नारायण नगरपालिका दैलेख | ०.०० | -३२.१४ | ०.०० | ०.०० | -७१.६१ | -३.८८ |
| सिमकोट गाँउपालिका हुम्ला | -६०.६१ | -९४.१२ | १००.०० | -५०.०० | -१००.०० | -५७.१४ |

*स्रोत: विभिन्न स्थानिय तहहरु*

# परिच्छेद ८

# आर्थिक परिदृष्य

आर्थिक वर्ष २०८०/८१ मा अर्थतन्त्रको यथार्थ अवस्था सचित्रण गर्ने क्षेत्रहरु अन्तर्गत कृषि र सेवा क्षेत्र चलायमान भएकोमा उद्योग र पूर्वाधार लगायतका क्षेत्रहरुमा केही शिथिलता रहने अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा आर्थिक क्रियाकलापहरु विस्तारै चलायमान हुन थालेकोले आगामी आर्थिक वर्ष समग्र आर्थिक परिदृष्यमा यस प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रका क्रमिक सुधार हुँदै जाने देखिन्छ।

## ८.१ कृषि उत्पादन

- कृषिजन्य बीउविजन, रासायनिक मलको समयमै उपलब्धता हुनु, प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्रमा वृद्धि हुनु, कृषि उपजको उचित मुल्य सुनिश्चित गराउने उद्देश्यले धान, गहुँ, दूध र उखुमा सरकारले न्यूनतम समर्थन मूल्य तोक्नुले कृषकहरुको कृषि उद्यमशीलता तथा व्यवसायिकतातर्फ आकर्षण बढ्दै गएको छ। फलस्वरुप, मुख्य कृषि बालीको उत्पादन बढ्ने अनुमान गरिएको छ।
- अघिल्लो आर्थिक वर्षमा कृषि बाली र पशुपन्छी तथा मत्स्य बीमातर्फ बीमा प्रिमियममा ७५ प्रतिशत अनुदान प्रदान गरिने व्यवस्था गरिएको आर्थिक वर्ष २०८०/८१ मा उक्त अनुदान ८० पुऱ्याईएको, कर्णाली प्रदेश सरकारबाट दुध संकलन तथा व्यवसायिक फर्महरुको सञ्चालन, सरकारले कृषि बाली तथा पशु बीमाको प्रिमियममा प्रदान गरेको अनुदान, बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्दै आइरहेको सहुलियपूर्ण कर्जाको निरन्तरता तथा दुध उत्पादन गरी संस्थागत बिक्री गर्ने कृषकहरुलाई दुध उत्पादनमा अनुदानको व्यवस्थाका कारणले दुध उत्पादन आगामी वर्षमा वृद्धि हुने प्रक्षेपण गरिएको छ।
- प्रदेशबाट एक स्थानीय तहमा ३ माछापालन सँग सम्बन्धित परियोजना लागु हुने भएको हुँदा माछा पोखरी निर्माण भई माछा पालन वृद्धि हुने अनुमान गर्न सकिन्छ। कृषि अनुदान, पकेट क्षेत्र निर्माण, बिस्तार तथा बजारीकरण आदि सुविधा ग्रामीण क्षेत्रमा पनि बिस्तार हुँदै गएकोले आगामी वर्षमा पशुपंछी, माछा तथा नगदेबालीको उत्पादन बढ्ने देखिन्छ।
- समीक्षा अवधिमा पशुपन्छीमा देखापरेको लम्पी स्किन नामक रोगको प्रभावस्वरुप समग्र पशुपन्छी तथा पशुजन्य उत्पादनमा ह्रास आउन सक्ने अनुमान गर्न सकिन्छ।
- विभिन्न विकास आयोजना र निर्माण कार्यको कारण काठ दाउराको उत्पादनमा प्रभाव पर्ने तथा जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजनाको म्याद सम्पन्न भएको र आगामी अवधिका लागि वन व्यवस्थापन कार्ययोजना र स्वीकृति नभएसम्म वन पैदावार संकलन गर्न नसकिने हूँदा उत्पादनमा प्रभाव पर्ने देखिन्छ । त्यसैगरी, वन नियमावली २०७९ अनुसार परिवर्तन भएको Huber's Formula ले वन नियमावली, २०५१ को सुत्रले भन्दा बढी आयतन निकाल्ने भएकाले काठको आयतन बढी आउने र निकासी कम हुने सम्भावना देखिन जान्छ।

## ८.२ औद्योगिक उत्पादन

- कर्णाली प्रदेशमा औद्योगिक विकासका लागि आवश्यक पूर्वाधारको अभाव, लगानी मैत्री वातारणको कमी, दक्ष जनशक्ति, कच्चा पदार्थको अभाव तथा विकट भौगोलिक बनावट जस्ता प्रमुख अवरोधहरुले स्थापित उद्योगहरुको सँख्या न्यून रहेको छ त्यसैगरी सञ्चालित उद्योगहरु पनि प्रभावकारी सञ्चालन हुन सकेको देखिदैन जसका कारण समग्र औद्योगिक उत्पादन न्यून रहने देखिन्छ ।
- निर्माण तथा व्यापार क्षेत्रमा सुधार हुन नसक्दा वस्तु तथा सेवाको समग्र मागमा कमी आएका कारण उत्पादनमुलक उद्योग पूर्ण क्षमतामा सञ्चालनमा नरहेकोले उद्योग क्षेत्रको विस्तार संकुचन हुने देखिन्छ ।
- औद्योगिक विकासका लागि वित्तीय स्रोतको अभाव, आन्तरिक मागको कमी, वित्तीय स्रोतको उपयोगमा कमी साथ-साथै आन्तरिक स्रोतको प्रभावकारी परिचालन हुन नसक्नु जस्ता कारणहरुले निमार्ण कार्यमा देखिएको शिथिलता जस्ता विविध कारणहरु रहेकाले आगामी अवधिमा औद्योगिक क्षेत्रको संकुचन हुन गई समग्र औद्योगिक उत्पादनमा कमी आउने अनुमान गर्न सकिन्छ ।

## ८.३ सेवा क्षेत्र

- समीक्षा अवधिको सुरुवाती चरणबाट नै पर्यटन क्षेत्र सुधारोन्मुख देखिएको तथा पर्यटकस्तरीय होटलहरुको निर्माण तथा सञ्चालन, नयाँ-नयाँ पर्यटन क्षेत्रको पहिचान हुँदै गएकाले होटल तथा पर्यटन क्षेत्रको वृद्धिमा सकारात्मक प्रभाव हुने अनुमान छ ।
- समीक्षा अवधिमा वित्तीय सेवा, शिक्षा, यातायात तथा सञ्चारमा देखापरेका समस्या बिस्तारै समाधान हुँदै गएकाले आगामी अवधिमा यस प्रदेशको सेवा क्षेत्रमा सकारात्मक सुधारको अपेक्षा गरिएको छ ।
- ग्रामीण क्षेत्रमा टेलिफोन, मोबाईल सुविधाका लागि टावरहरुको जडान तथा ईन्टरनेट सुविधाका लागि पूर्वाधार निर्माण द्रुतगतिमा अघि बढेकाले सञ्चार क्षेत्रमा सुधार हुने देखिन्छ ।
- ग्रामीण क्षेत्रमा विद्यालय स्थापना, वैकल्पिक तथा प्रयोगात्मक पाठ्यक्रमको आधारमा पठनपाठन थालनी हुँदै गएकाले आगामी वर्षमा विद्यार्थी संख्यामा सुधार आउने अनुमान गर्न सकिन्छ ।
- कर्णाली प्रदेशका सम्पूर्ण स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाका शाखा बिस्तार भैसकेको साथै सहुलियतपूर्ण कर्जा, कृषि कर्जा, विपन्नवर्ग कर्जा, प्राथमिकताका आधारमा कर्जा लगायतका वित्तीय सेवाको बिस्तार बढेकाले आम जनसमुदायमा वित्तीय साक्षरता र वित्तीय पहुँचको वृद्धि हुन गई बैंक तथा वित्तीय संस्थाको कर्जा विस्तार हुने देखिन्छ ।

## ८.४ पूर्वाधार क्षेत्र

- देश संघीय संरचनामा गएसंगै संघ, प्रदेश र स्थानीय तहको संयुक्त प्रयासमा यस प्रदेशमा सडक तथा विद्युत् विस्तार सुचारु हुने देखिन्छ ।
- प्रदेश तथा स्थानीय तहको अग्रसरतामा कर्णाली प्रदेशको कच्ची तथा कालोपत्रे सडकको हिस्सामा वृद्धि हुने देखिन्छ ।

- निर्माण कार्यका लागि अत्यावश्यक सामग्री आयात तथा दक्ष जनशक्तिको आपूर्तिमा सहजता आएसँगै यस प्रदेशमा निर्माणाधीन कर्णाली कोरिडोर, पुष्पलाल (मध्यपहाडी) लोकमार्ग, मदन भण्डारी राजमार्ग आयोजना, मथिल्लो कर्णाली, भेरी बबई डाईभर्सन जस्ता राष्ट्रिय महत्वका आयोजनाहरुको निर्माण कार्यले गति लिने देखिन्छ ।
- यस प्रदेशमा १३२ के.भी प्रसारण लाईनमा जोडिने क्रममा रहेको, १८.५४ मेगावाट विद्युत् उत्पादन भईसकेको, प्राविधिक तथा आर्थिक हिसाबले निर्माण गर्न सकिने लगभग २०,००० मेगावाट क्षमताका जलविद्युत् आयोजनाहरु मध्ये समग्रमा कर्णाली प्रदेशमा हाल १०,००० मेगावाटका साना ठुला गरि ७० वटा आयोजनाहरु विभिन्न चरणमा रहेकाले यी आयोजनाहरु समयमै सम्पन्न गर्न सकेको खण्डमा समग्र देशको आर्थिक उन्नतिमा टेवा पुग्ने देखिन्छ ।




# नेपाल राष्ट्र बैंक
## सुर्खेत कार्यालय

आर्थिक अनुसन्धान इकाई : ०८३–५२५३८९
**Email: researchsurkhet@nrb.org.np**
**Web: www.nrb.org.np**